Jana Aakash
National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष–१४ , अंक– १५, २०७८ साल कार्तिक २३ गते मंगलबार (Nov 9, 2021) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# हिन्दू धर्मलम्बिहरूले छठ धुमधामसंग मनाउँदै

*मोहन कार्की*

काठमाडौं । नेपालीहरुको महान चाड दशैं र तिहार सकिए लगतै विशेष गरेर तराइमा मनाइने पर्व छठ २४ गते परेको छ । उक्त पर्व विगतमा तराईका नेपालीहरुले मात्र मनाउदै आएका थिए । तर पछिल्लो समय नेपालका सबै क्षेत्रमा उत्तिकै छठको पनि महत्व बढेको हुनाले सरकारले छठको अवसरमा सार्वजनिक विदा दिएको छ । नेपालीहरुको धर्म संस्कृति सहिष्णुतामा आधारित छ त्यसैको उदारण हो सबै नेपालीहरुले एक अर्काका धर्म संस्कृतिहरुलाई आत्मसाथ, हार्दिकताका साथ मनाउने गरेका छन् ।

आजवाट नै काठमाडौंको गौरीघाटमा भक्तजनहरुको सेवा सुविधालाई मध्य नजर गरेर छठ व्यवस्थापन समितिले टहरा बनाई बागमती किनार सजाएको छ । नदीमा बासले बनाएका पुलहरु निर्माण गरिएका छन् । गुहेश्वरी वारीपारी सफा सुघर गरेर सजाइएको छ ।



काठमाडौंको उपत्यकामा मात्र नभएर बिशेष गरेर तराईका जिल्लाहरुमा त नदी किनारहरुमा बाजा गाजा सहित उल्लासका साथ छठ पुजा हुने गर्दछन् यो बर्षपनि जनकपुर, बिरगंज, सुनसरी, सप्तरी, वारा, पर्सा, र्सलाही, सिराह, रौतहट, महत्तोहरी, मोरङ, झापाका जिल्लाहरुमा छठ पर्वले झपक्कै छोपेको छ ।

काठमाडौमा छठ पर्वमा नेपालका मान्य गन्य व्याक्तित्वहरु गौरीघाटमा सुर्यलार्य अग्र दिने समयमा जाने तयारी भएको छठ व्यवस्थापन समितिले जानकारी गराएको छ ।

यसरी नेपालीहरु धार्मिक संस्कृति र विविधतामा धनी रहेका छन् भन्ने देखाउछ ।

बाँकी ६ पृष्ठमा

# मुख्यमन्त्री पाण्डेले विश्वासको मत लिए

वागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले विश्वासको मत पाएका छन् । सोमबार बसेको प्रदेशसभाको बैठकमा मुख्यमन्त्री पाण्डेले विश्वासको मत पाएका हुन् ।

प्रदेशमा जम्मा १०९ सदस्य संख्यामध्ये १०४ जना उपस्थित थिए ।



मुख्यमन्त्री पाण्डेले ५९ मत पाएका छन् भने तटस्थ मत २ रहेको छ । ४३ मत विपक्षमा परेको छ । मुख्यमन्त्री पाण्डेले नेपालको संविधानको धारा १६८ को उपधारा ४ बमोजिम विश्वासको मत मागेका थिए ।

गठबन्धनबाट मुख्यमन्त्री बन्नुभएका पाण्डेको पक्षमा ५९ जनाको हस्ताक्षर गरेका थिए । प्रदेश सभामा एमालेको ४३ जना, माओवादी केन्द्रको २३, काँग्रेसको २२, एकीकृत समाजवादीको १३, विवेकशील साझा पार्टीको तीन, नेमकिपा र राप्रपाको दुई-दुई जना तथा जनता समाजवादी पार्टी नेपालको एक जना प्रदेश सभाका सदस्य रहेको छन् ।

# राप्रपाको ६५ जिल्लामा अधिवेशन सम्पन्न

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले ६५ जिल्लामा पार्टीको अधिवेशन सम्पन्न गरेको छ । आगामी मंसिर ११ देखि १३ गतेसम्म काठमाडौंमा हुन लागेको पार्टीले केन्द्रीय महाधिवेशनलाई दृष्टिगत गरी जिल्ला अधिवेशन जारी राखेको छ ।



जिल्ला अधिवेशन कात्तिक २३ गतेभित्र सम्पन्न गर्न पार्टीको केन्द्रीय निर्वाचन समितिलाई जिम्मेवारी दिइएको केन्द्रीय सदस्य सुन्दर पाण्डेले जानकारी दिए ।

तेह्रथुम, सङ्खुवासभा लगायत केही जिल्लामा प्रतिनिधि छनोटका विषयमा विवाद छ । पर्सा, स्याङ्जा, महोत्तरी र गोरखामा सम्पन्न अधिवेशनमा विवाद उत्पन्न भएपछि केन्द्रीय निर्वाचन समितिले विवाद समाधान गरेको थियो ।

पार्टीले पहिलो पटक सक्रिय सदस्यबाट प्रतिनिधि छनोट गर्ने व्यवस्था गरेको छ । यसअघि क्षेत्रीय तथा स्थानीय समितिबाट प्रतिनिधि छनोट गर्ने व्यवस्था थियो । प्रदेश र क्षेत्रीय समितिका अध्यक्ष, महानगर, उपमहानगर, नगर र गाउँपालिकाका अध्यक्ष पदेन सदस्यका रुपमा महाधिवेशन प्रतिनिधि हुन पाउने व्यवस्था गरिएको छ । ती सदस्यले मतदान गर्न पाउने तर उम्मेदवार बन्न भने पाउने छैनन् ।

पार्टीले कात्तिक २६ गतेभित्र सक्रिय सदस्यको नामावली जिल्लामा पठाउने र सातवटै प्रदेशसभाबाट प्रदेश कार्यसमितिको निर्वाचन कात्तिक २८ गते गर्न उक्त समितिलाई निर्देशन दिएको छ । सक्रिय सदस्यको दाबी विरोध यही कात्तिक २७ देखि २९ गतेसम्म गर्न समयसीमा तोकिएको छ । सक्रिय सदस्यबाट महाधिवेशन प्रतिनिधिको निर्वाचन आगामी मंसिर १ देखि ३ गते गर्ने, जिल्ला कार्यसमितिसँग समन्वय गरी प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिले निर्वाचनका लागि आवश्यक व्यवस्थापन गर्ने कार्यसूची तय गरेको छ । पार्टीले महाधिवेशनको

बाँकी ६ पृष्ठमा

# प्रधानन्यायाधीशविरुद्ध देशभर आन्दोलन चर्काउने बारको तयारी

काठमाडौं । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग गर्दै आन्दोलन गरिरहेको नेपाल बार एसोसियसनले ९० वटा बार इकाइसँग छलफल गरिरहेको छ । देशभरका जिल्ला अदालत, उच्च अदालत र विषेश अदालतका बार इकाइसँग आइतवार भर्चुअल छलफल गरिरहेको नेपाल बार एसोसियसनका अध्यक्ष चण्डेश्वर श्रेष्ठले जानकारी दिए । यसअघि चार दिन कालोपट्टी बाँधेर विरोध गरेको बारले आन्दोलनलाई थप कडा बनाउँदै देशव्यापी बनाउने तयारी गरेको हो । चार दिनको आन्दोलनबाट पनि प्रधानन्यायाधीश जबरा राजीनामा दिन




तयार नभएपछि उनलाई बाध्य पार्ने गरी आन्दोलन तय गर्ने नेपाल बारका एक सदस्यले बताए ।

'आन्दोलनलाई थप कडा बनाउनु पर्न भन्ने सल्लाहकारहरुको जोड छ, त्यही अनुसार अहिले छलफल भइरहेको छ', उनले भने, 'वरिष्ठ कानुन व्यवसायीहरुको पनि आन्दोलनलाई थप कडा बनाउनु पर्छ भन्ने नै छ ।'

यसअघि बारले प्रधानन्यायाधीश राणालाई चारदिन भित्र (कात्तिक १७) मा राजीनामा दिन अल्टिमेटम दिएको थियो । तर प्रधानन्यायाधीशले त्यसपछि आफू मुद्दा नहेरे पनि इजलास बहिस्कार गरिरहेका न्यायाधीशसँग

बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# २०७८ को तिहार सफलता पूर्वक सम्पन्न

नेपालीहरुको मुख्य पर्वमध्यको तिहार अर्थात दीपावली यहि २० गते सम्पन्न भएको छ । अपवाद कुनै अपृय र्दुघटनावाहेक अन्य दुःखदायी घटना यस तिहारको आसपासमा भएन ।

नेपालको सामाजिक चेतनाको उन्नति भएको यसैलाई मान्न सकिन्छ विगतमा यस्ता मुख्य पर्वहरुमा झैं झगडा भई मानिस नै मर्ने सम्मका घटन हुने गर्दथे भने यातायातको क्षेत्रमा धेरै र्दुघटना भएर जन धनको समेत क्षति ब्यहोर्नु परेको स्थितिहरु पनि थिए ।

यस वर्षको पर्वमा साना तिना दुर्घटना र समान्य खालका झै झगडा भएपनि अन्य अप्रिय घटनाहरु भएका छैनन् यो सम्बन्धित निकायको आग्रिम तयारीले गर्दा यो प्रगति भएको सहजै अनुमान लगाउन सकिन्छ । नेपाल प्रहरीले चौविसै घण्टा डिउटी गरेर जनजीवनलाई सुरक्षित पार्न खटेका थिए ।

त्यसैगरी यातायात ब्यवसायीहरुले पनि सुरक्षित यात्राको लागि समुहगतमा चेतनामुलक कार्यक्रमहरु गरेर तिहारलाई ब्यवस्थित गराएका थिए । त्यो सँगसँगै नेपाली नागरिकहरु पनि विगतको तुलनामा आफै सचेत भइ यात्रा गर्ने र चाडबाडको बेला आ[illegible]नो जीवनशैली कसरी अवलम्बन गर्ने जस्ता सामान्य ज्ञानहरु अपनाउन सक्षम हुदै गएका कारण र सवै क्षेत्रको सुचाङको वृद्धिले २०७८ सालका मुख्य पर्व दशैं, तिहार, छठ, महपुजा जस्ता चाडहरु खुशीयालीमा सफलतापुर्वक सम्पन्न भएका छन् । यो नेपाली नागरिक र नेपाल देशको लागि पनि खुशीको समाचार हो ।

यसैगरी आउँदा बर्षहरुमा नेपाली नागरिकहरुको स्तरउन्नति हुदै जाने आशा गर्न सकिन्छ । नेपाल देशमा विगतका केही दशक द्वान्द्वको मारमा परेको थियो जतिवेला नेपालमा निराशा र भय हुने गर्दथ्यो मानिसहरुमा शान्तिको वातावरण बनेर आनान्दले काम गर्न पाउने हो भने देशको हरेक क्षेत्रमा प्रगतिको लागि नयाँ बाटोहरु खोलिन्छन् भन्ने उदाहरण पछिल्लो १४ बर्षको शान्त वातावरणले प्रमाणित गर्दै लगेको छ । नेपालले अझै धेरै कुराहरुमा वृद्धि गर्दै लैजाने र नेपालको विकासका कामहरुमा ध्यान दिने साथै नेपाल विधुत प्राधिकरणले गरेको प्रगति जसमा कार्यकारी प्रमुख कुलमान घिसिङले खेलेको भूमिका जस्तै अन्य क्षेत्रमा पनि उल्लेखिय प्रगति गर्ने खालका कामहरु गर्दै जाने हो भने नेपाली नागरिकहरु यस्ता मुख्य पर्वहरुमा विशेष हुने गर्छ नै अन्य समयमा समेत खुशी भइरहन सक्छन् । यो नेपालीहरुको प्रगति हुने कार्यमा सवैको मनमा लागोस् । सफलतापुर्वक सम्पन्न भएको २०७८ सालको दिपावलीलाई हार्दिकताका साथ बिदाई ।

# गतिशील सहरको समाजशास्त्र

दिपक शिवाकोटी(प्रेमा)



समय आफु बदलिदैन,अरुलाई मात्र बदल्छ । यो गतिशील समयानुसार धेरै कुराको परिभाषा तथा विशेषताहरु समेत बदलिन्छ । विकसित,परिष्कृत भएर बैज्ञानिक मापदण्ड अनुसारको बन्दै जान्छ । ती विविध विषयबस्तु मध्येको सहरको समाजशास्त्र पनि एउटा विषय हो । बदलिदो परिवेशमा सहरका दुई थरीका परिभाषा छन् । पहिलो, अर्थशास्त्री, विकासविद्, भुगोल शास्त्रीहरुले सहर भनेर भौतिक पक्ष्यमा जोड दिए । उनीहरुले फराकिला सडक, अग्ला घर,स्कुल,कलेज,हस्पिटल आदि भौतिक संरचनालाई जोड दिए । कृषि ज्यादै कम हुनुपर्ने, अरु पेशा अंगालेका मानिस धेरै हुनुपर्ने आदिलाई मापन बनाइयो । एकातिर सहर हुन्छ,अर्कोतिर सहरसँग जोडिएको ग्रामिण क्षेत्र हुन्छ । सहरले ग्रामिण क्षेत्रको विकासको मियाका रुपमा काम गर्छ भन्दै सहरलाई परिभाषित गरियो ।

दोस्रो,समाजशास्त्रले चाँहि सडक,घर भौतिक संरचनाभन्दा सामाजिक सम्बन्धको चरित्रका आधारमा सहरलाई परिभाषित गर्छ । सडक र घर नहुने भन्ने होइन । सामाजिक सम्बन्धको चरित्र भन्नाले चारपाँच वटा विषय हुन्छन् । पहिलो नातागोता, कुलगोत्रको सम्बन्ध पातलो हुँदै गएको र नयाँ सम्बन्धहरु गाँसिदै गएको हुनुपर्ने । सहर र गाउँको विभेद भनेको गाउँमा थोरै मान्छेसँग गहन सम्बन्ध हुन्छ । एक अर्काका बारेमा सात पुस्ताको थाहा हुन्छ । तर सहरमा सँगै जोडिएको कोठामा बस्ने मान्छेको बारेमा समेत केहि थाहा हुँदैन । सहरमा जात, कुल, क्षेत्रबाट बाहिर निस्कदै गरेका मानिसहरुको बसोबास हुन्छ । सहरमा पुरानो सामाजिक सम्बन्छका आयामहरु खुकुलो हुँदै गरेको हुन्छ र जात,पुरुषत्व,जातियता,भाषा जस्ता जन्मिदै प्राप्त हुने आयाममा नयाँ आयम पस्दै गरेको हुन्छ ।

सहरको अर्को विशेषता हरेक व्यक्तिको छुटाछुटै काम हुन्छ । गाउँमा खेतबारी हुन्छ । परिवारले काम गर्छ । सामुहिकता झल्किन्छ । पूर्विय समाजको विशेषता जस्तो चरित्र रहेको छ । सहरमा जीविकोपार्जन व्यक्ति केन्द्रित हुन्छ । व्यक्तिवादी चिन्तनको उपज जस्तो हुन्छ । पश्चिमा समाजको विशेषता जस्तो चरित्र झल्किन्छ । सबै नै व्यक्तिहरुको आ आफ्नो हुन्छ । बैङ्क खाता,पेशा, व्यवसाय, सोच,चिन्तन र व्यवहारहरु समेत सबै व्यक्तिकेन्द्रित हुन्छ । अर्थतन्त्रको स्रोत भासिएको बेलामा त्यो भाँसिदै जान्छ । धेरै मान्छेहरु बेरोजगार हुन्छन् । गाउँमाभन्दा सहरमा अर्थतन्त्र बढि उकासिएको हुन्छ । त्यसैले आफ्नो पेशामा लक्ष बन्नको लागि धेरै समय सिकाईमा समय खर्चिने गर्दछन । त्यसो गर्दा आम्दानीको सम्भावना समेत बढी हुन्छ । सबै आ आफ्नो खुट्टामा उभिएका हुन्छन् । त्यसैले सम्बन्ध विच्छेद पनि सहरमा बढि हुन्छ । सहरिया जीवन अलि बढी व्यवसायिक हुन्छ । त्यसैले धेरै समय सिकाईमा लगानी गर्छन ।

समयको गतिशीलता सँगै विगत २०-३० वर्ष पहिलेका गाउँ अब गाउँ रहेन । अहिले रहेका गाउँ पनि गाउँको विशेषता र चरित्र पनि विस्तरै रुपान्तरण हुँदै सहरको चरित्रको बढी रजगज भएको छ । विश्व भुमण्डलिकरण, प्रविधि, विकास तथा शैक्षिक परिवर्तनको कारणले समेत गाउँको सामाजिक,आर्थिक,सांस्कृतिक आदि पक्षका चरित्र समेत विस्तारै सहरिया चरित्रको प्रभाव परेको छ । गाउँका मानिसहरु सहरिकृत भइसके ।सहरमा बस्न खोज्नेहरुको सँख्या दिनदिनै बढ्दै छन् । कृषि पेशा अँगालेर गाउँमा बस्ने संख्या घट्दै गएको छ । विविध खालका अर्मपर्म,आलोपालो सम्बन्ध समेत लोप हुँदै गएको छ । उत्पादन,सेवा तथा सुविधाहरु सहरकेन्द्रित भएर गएका छन । मानिसहरु सहरतर्फ केन्द्रित भएका हुन । गाउँ अब गाउँ जस्तो पनि रहेन । गाउँ कि सहर केन्द्रित भयो कि त सहरमा रुपान्तरण भएर गयो । कृषिलाई आधुनिकिकरण र व्यवसायिक नबनाएकोले पनि सहरसँग आकर्षण बढेको हो । उद्योग, कलकारखाना, सेवा, सुविधा र रोजगारको कारणले पनि गाउँबाट सहरमा मानिसहरुको संख्या बढेको हो । गाउँमा त अचेल बुढाबुढीको मात्र संख्या बढी रहेको छ । छोराछोरीहरु त भविष्य खोज्दै सहर पसेका छन् । according to the MacIver, मानविय सम्बन्धमा परिवर्तन आउनु सामाजिक परिवर्तन हो । संसारमा सहरको उत्पति हुनुको पनि मुख्यातया दुई कारण रहेका छन् । पहिलो, उद्यम हुनाले । दोस्रो प्रशासनको कारणले हो । दक्षिण एसियामा चाहि धेरै उद्यम भएको कारणले सहरहरुको स्थापन भएको हो । त्यसकारण पनि गतिशील समयसँगै सहरको समाजशास्त्र पनि अझ परिष्कृत बन्दै गएको हो । सहरमा उद्यम मुख्य रुपमा रहन्छ । त्यो उद्यमले व्यक्तिकेन्द्रित उत्पादन गर्दछ । त्यससंग सम्बन्धित पेशा,व्यवसाय गर्ने पनि मिहिन रुपमा काममा दक्ष रहेका हुन्छन् । त्यो बदलियो समयको आवश्यकता समेत हो ।

सहरमा वर्गको निर्माण घटेर भन्दा झन बढ्दै गएको छ । समाजशास्त्री कार्ल मार्क्सले समाजवादमा कल्पना गरेको वर्गविहिन समाजको निर्माण यो पुँजिवादको दलदलमा उठ्नै नसक्ने गरि वर्तमान समाजमा डुबुल्कि मारेको छ । बदलिदो समयमा सहरमा भ्रष्टचारको जगजगी यति बढेको छ । गोठमा बाघले गाई मारेको पिर होइन बाघ गोठमा पल्किएको बढि चिन्ता हो भने जस्तै भ्रष्टचारको अहिलेको रुप क्यानसर झै व्यापक फैलिदो अवस्थामा रहेको छ ।

सहरमा महिलाको सहभागिता हरेक क्षेत्रमा बढेको छ । त्यो सकारात्मक पाटो छ । जसले विकासको अभ्यासमा टेवा पुऱ्याउने काम गरेको छ । सहरमा कुनै नकारात्मक कुरा बढाइचढाई भन्ने चलन निकै मौलाएको छ । त्यो असल समाज निर्माणको बाटोमा सकारात्मक कुरा होइन । त्यसैले सहरमा नैतिकता र कानुनी शासन कमजोर बन्दै छ । समृद्ध,सभ्य र सुसंस्कृत सहर बनाउन सबैको भुमिका रहेको हुन्छ । सबै मिलेर सहर बनाउने हो । समय कसैको अनुकुल हुने होइन,हामी समयको अनुकुल भएर गतिशील समयको पदचाप पछ्याएर अगाडि बढ्नु पर्दछ । समाजको परिवर्तन सँगसँगै हाम्रा सम्बन्धका चरित्रमा पनि फेरबदल आउँछ । जसले अझ परिपक्क,सुदृढ समाज निर्माणमा सहयोग पुऱ्याउँछ । समाज परिवर्तनमा शिक्षाको भुमिकाले पनि समाजको सम्बन्धमा चाँडो फेरबदल ल्याएको हो । सहरमा जुन रुपमा संरचनाहरु अपाङ्गमैत्री,नागरिकमैत्री हुनुपर्ने हो तर छैन । यहाँका सडक एकपक्षिय जस्तो छ । मोटर चढ्नेहरुको मात्र सडक हो जस्तो गरेर बनाएको छ । साइकलमैत्री छैन । सडकमा हिड्ने मानिसका लागि पनि उपयुक्त छैन । त्यो असल संरचना भएन । विश्वमा भएको विकासको गतिको तुलनामा नेपालको विकास कमजोर मात्र होइन सहि रुपमा भएन । विकास ढिलो होस तर व्यवस्थित होस । समाजशास्त्रमा पनि विकासको गतिले फरक पार्दछ । मानिसको प्रतिव्यक्ति आयमा जोड दिनु पर्दछ । त्यसको लागि नेपालको योजनाविद्,अर्थशास्त्रीहरुले भद्दा अरुको नक्कल गर्न छोड्नु पर्दछ । यहाँको गरिबी, रोजगारी, लगानी,योजना निर्माण,खर्च क्षमता आदि आर्थिक समस्याहरु र तिनका समाधानका लागि तिनै साझा( फिट फर अल) ठानिएका उपाए लाद्ने प्रयास निरन्तर भयो । त्यसको असर अहिलेको गतिशील सहरको समाजशास्त्रमा समेत देखिएको छ ।

> **सहरमा महिलाको सहभागिता हरेक क्षेत्रमा बढेको छ । त्यो सकारात्मक पाटो छ । जसले विकासको अभ्यासमा टेवा पुर्‍याउने काम गरेको छ । सहरमा कुनै नकारात्मक कुरा बढाइचढाई भन्ने चलन निकै मौलाएको छ । त्यो असल समाज निर्माणको बाटोमा सकारात्मक कुरा होइन । त्यसैले सहरमा नैतिकता र कानुनी शासन कमजोर बन्दै छ । समृद्ध, सभ्य र सुसंस्कृत सहर बनाउन सबैको भुमिका रहेको हुन्छ । सबै मिलेर सहर बनाउने हो । समय कसैको अनुकुल हुने होइन,हामी समयको अनुकुल भएर गतिशील समयको पदचाप पछ्याएर अगाडि बढ्नु पर्दछ । समाजको परिवर्तन सँगसँगै हाम्रा सम्बन्धका चरित्रमा पनि फेरबदल आउँछ । जसले अझ परिपक्क,सुदृढ समाज निर्माणमा सहयोग पुऱ्याउँछ । समाज परिवर्तनमा शिक्षाको भुमिकाले पनि समाजको सम्बन्धमा चाँडो फेरबदल ल्याएको हो । सहरमा जुन रुपमा संरचनाहरु अपाङ्गमैत्री, नागरिकमैत्री हुनुपर्ने हो तर छैन । यहाँका सडक एकपक्षिय जस्तो छ । मोटर चढ्नेहरुको मात्र सडक हो जस्तो गरेर बनाएको छ । साइकलमैत्री छैन । सडकमा हिड्ने मानिसका लागि पनि उपयुक्त छैन । त्यो असल संरचना भएन ।**

अत: गतिशील सहरको समाजशास्त्र छिटो छिटो नयाँ नयाँ सम्बन्धका स्वरुपमा परिवर्तन हुँदै आएको छ । मानिस समाजमा बस्छन,एक्लाएक्लै बस्दैनन । एउटा व्यक्तिले अर्को व्यक्तिसँग सम्बन्ध राखेर बस्दछन् । यस्ता सम्बन्ध विभिन्न किसिमले संगठित हुन्छन । व्यक्ति, व्यक्तिविचका परिवार, परिवारविचमा पनि समाजमा सम्बन्ध हुन्छ । व्यापार,लेनदेन गर्नेविचको अर्को सम्बन्ध यस्तै सङ्गठित सम्बन्धहरुको स्वरुप र प्रक्रियाको अध्ययन गर्ने शास्त्रका रुपमा समाजशास्त्रलाई बुझ्नु पर्दछ । सम्बन्धहरुलाई लामो समयसम्म उहि,उस्तै किसिमका रहने हुन भने खासै नयाँ शास्त्र जन्म हुँदैन । मानव इतिहास एकैनासले चल्दो हो त हामी यो कुरा नै गदैनथ्यौ । सम्बन्धहरु परिवर्तनशील भएकाले शास्त्रको विकास भयो । जहिले देखि मानव धर्तीमा आयो ,त्यसपछि समयक्रमसँगै लगातार एक किसिमले तराईको खोलो बगेको जस्तो बगेको सोच्छौ । दुई चारचोटि समाज र सहर हिमालको छाँगो जस्तो तीव्ररुपले बगेकाले यसमा ठुलो परिवर्तन भएको छ । जे जस्ता परिवर्तनका आँधि,तुफान आउंछ । त्यसको पहिलो प्रहार सहरमा आउछ । आर्थिक, सामाजिक, शैक्षिक,राजनितिकको स्वरुप तथा संरचना उथलपुल ल्याउन आउछ । अहिले तीव्रगतिमा विकास र समृद्धिको परिवर्तन प्रचार छ । त्यो पनि सहरको गतिशील समाजशास्त्रमा नै पर्दछ । यसबाट मानिसको सम्बन्धको चरित्र,स्वरुप तथा सङ्गठनमा समेत प्रभाव पर्दछ । त्यसकारण पनि सहरको समाजशास्त्र निकै गतिशील रुपमा परिवर्तन भइरहेको छ । यसले मानिस मानिसविचको वर्गीय चरित्र,स्वरुप, जीवनशैली आदिमा व्यापक रुपान्तरण रहेको छ । यो सहरको गतिशील समाजशास्त्र हो । यसले राज्यको संरचनादेखि,विकासको स्वरुपसम्म परिवर्तन गर्न समेत प्रभाव पार्दछ ।

सन्दर्भ सामाग्रीहरु

.(मिश्र,चैतन्य(२०७५।१।२०) अन्नपुर्ण पोष्ट दैनिक बार्षिर्कोत्सव,सहरको समाजशास्त्र ।
.(वाग्ले,डा अच्युत(२०७५।९।१७) नयाँ पत्रिका दैनिक,अविकासका विशिष्ट अभ्यन्तर
.(मिश्र,चैतन्य, बदलिदो नेपाली समाज,पृष्ठ २१० २२५
.(राई,प्रकाश, नेपालमा समृद्धिको बहस,२०७५।२०७६ वर्ष २८,पुर्णाक१५,रजहाँस बानेश्वर क्याम्पस मुखपत्र
.(ढुङ्गेल,रमेश,सांस्कृतिक शक्तिको सेतु,कार्तिक अङ्क (२०७८ हिमाल मासिक
.(आचार्य,बलराम,विकासका दृष्टिकोणहरु,पृष्ट १ १५(विकास सामाजिक परिवर्तनको प्रक्रियाका रुपमा

प्रेमा संगम
कालिन्चोक ६, दोलखा
हाल काठमाडौ

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# राष्ट्रिय जनगणनाः बहुआयामिक परीक्षण

दीपक ज्ञवाली

राष्ट्रिय जनगणना २०७८ को मूल गणना कात्तिक २५ देखि मङ्सिर ९ सम्म हुँदैछ । 'मेरो जनगणना, मेरो सहभागिता' नाराका साथ केन्द्रीय तथ्याङ्क विभाग १२औं राष्ट्रिय जनगणनाअन्तर्गत मूल गणनाको अन्तिम तयारीमा छ । तयारीको पहिलो चरणअन्तर्गत घर तथा घरपरिवार सूचीकरण भएको छ । अब बहुआयामिक मूल गणनाको प्रतीक्षा छ ।

तथ्याङ्कले हरेक क्षेत्रमा सबैभन्दा ठूलो अर्थ राख्छ । तथ्याङ्कै आधारमा योजना निर्माण हुन्छन् । बजेट विनियोजन हुन्छ । तथ्याङ्कै आधारमा समाजको आगामी दिशा निर्धारण हुन्छ । देश र जनताको समृद्धिको खाका तथ्याङ्कै आधारमा तय हुन्छन् । अरू त अरू, तथ्याङ्कै आधारमा कुनै देशलाई कस्तो दृष्टिले हेर्ने, कस्तो बनाउने, कस्तो सहयोग वा असहयोग गर्ने भन्ने अन्तर्राष्ट्रिय मान्यता बन्दछ ।

खोजी पत्रकारितामा पनि तथ्याङ्कको निकै ठूलो अर्थ हुन्छ, जसबाट सत्य पत्ता लगाउन सकिन्छ । सत्य पत्ता लाग्दा अनियमितताको अन्त्य गर्दै सुशासन कायम गर्न बल प्रदान हुन्छ । संसारमा ठूला ठूला अनियमितता र बेथितिहरू तथ्याङ्कका आधारमा पत्ता लाग्ने गरेका उदाहरणहरू छन् । यी सबै काम सही तथ्याङ्कबाट मात्र सम्भव छन् । तथ्याङ्क गलत भए र तिनको प्रयोग गरियो भने अनिष्टका तमाम शृङ्खलाहरू ओइरिन थाल्दछन् । विकासको साटो विनाश हात लाग्न सक्छ ।

प्रसङ्गतः अहिले देश १२औं राष्ट्रिय जनगणनाअन्तर्गत मूल गणनाको अन्तिम तयारीमा छ । सही तथ्याङ्क सङ्कलन र प्रशोधन गर्ने र त्यही तथ्याङ्कका आधारमा जनता, समाज र देशको अबको यात्रा तय गर्ने हाम्रासामु सबैभन्दा ठूलो दायित्व छ । उदाहरणका लागि एउटा गाउँमा कति जनसङ्ख्या छ ? को को बसोवास गर्छन् ? नागरिकको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक अवस्था कस्तो छ ? यस्तै तमाम सही तथ्याङ्कका आधारमा त्यस गाउँका नागरिकको समस्या र आवश्यकता पहिचान हुन्छ । आगामी योजना, बजेटलगायतको तय गर्न सकिन्छ । तथ्याङ्क सही भएन भने उक्त गाउँमाथिको योजना असफल मात्रै होइन, दुष्परिणाममा समेत परिणत हुन्छन् ।

बहुआयामिक अवसर

देशका तमाम सही सूचना र तथ्याङ्कका लागि १२औं राष्ट्रिय जनगणना बहुआयामिक अवसर हो । तथ्याङ्कमाथि लापरबाही गर्न कसैलाई छुट छैन । यो मामिलामा नीति निर्माणदेखि सामान्य गणकसम्म निकै संवेदनशील, जिम्मेवार, निस्वार्थ र सक्षम बन्न जरुरी छ । किनभने तथ्याङ्कमाथिको सानो गल्तीले राष्ट्र र जनतामाथि ठूलो धोका हुनसक्छ । त्यसैले राष्ट्रिय जनगणनालाई सफल पार्न सरकार र समाजका सबै तह र तप्काको निकै ठूलो योगदान हुनुपर्ने हुन्छ ।

केही ठूला र अत्यासलाग्दा राष्ट्रिय, अन्तर्राष्ट्रिय घटनाक्रमका कारण विगतका केही राष्ट्रिय जनगणना प्रभावित भएको तर्क गर्नेहरू अहिले पनि छन् । कतिपय गणक गाउँमै पुग्न नसकेको वा लक्षित भूगोलमा नपुगिकनै तथ्याङ्क तयार पारेका कारण सही तथ्याङ्क सङ्कलन हुन नसकेको आरोप लाग्दै आएको छ । यसपालि पनि सहज अवस्था भएन । विश्वभर अप्रत्याशित क्षति पुऱ्याएको कोभिड १९ कारण राष्ट्रिय जनगणनाको पूर्वनिर्धारित तालिका प्रभावित हुन पुगेको हो । अहिले स्थिति सामान्य बन्दै छ । कतिपय चुनौती चिर्दै जनगणनाको मूल गणना सम्पन्न गर्ने दायित्व सबैसामु छ । यस पटक विगतमा जस्तै कतिपय कमजोरीको आरोप लाग्ने अवस्था आउन दिनु नै हुँदैन । जनगणनामा सरकार र समाजका सबै तहका नागरिकको सहभागिता र सक्रियता हुनुपर्छ । यसैले मात्रै जनगणनाको उद्देश्य पूरा हुनेछ ।

यस पटकको राष्ट्रिय जनगणनामा केही अतिरिक्त मौलिकपन छन् । नयाँ संविधान र सङ्घीयता लागू भइसके पछिको जनगणना ७ प्रदेश र ७५३ स्थानीय तहबाट हुँदैछ । जनगणना सफल हुँदा र सही तथ्याङ्कहरू सङ्कलन हुँदा संविधान र सङ्घीयताको सफल कार्यान्वयनमा बल पुग्नेछ । संविधानप्रदत्त मौलिक हकअधिकार तथा सामाजिक सुरक्षाका प्रावधानहरूलाई थप प्रभावकारी बनाउन सघाउ पुग्नेछ । राज्यका तीनै तहमा नीतिनियम र योजना निर्माणका लागि दिशा निर्देश हुनेछ । हरेक नागरिकले राज्यलाई योगदान दिने र राज्यबाट पाउने लाभ लिने अवसरको पनि यसले सुनिश्चित गर्नेछ ।

विवादरहित गणना र कार्यसम्पादनका लागि केन्द्रीय तथ्याङ्क विभागले प्रतिबद्धता जनाएको छ । त्यसका लागि प्रदेश, जिल्ला र स्थानीय स्तरमा आवश्यक सङ्ख्यामा जनगणना कार्यालयहरू स्थापना भएका छन् । ती सबै कार्यालय, कार्यालयका अधिकारीहरू, गणकसुपरिवेक्षक सबैका लागि कुशल कार्यसम्पादनको क्षमता प्रदर्शन गर्ने अवसर छ ।

विश्वसनीय तथ्याङ्कका निम्ति गणकसुपरिवेक्षकको महत्वपूर्ण भूमिका रहन्छ । विविध भाषाभाषी, संस्कार, संस्कृति र शैली भएका स्थानीयसँग घुलमिल हुने, सबै प्रकारका सहयोग लिने र सही सूचना लिनसक्ने सीप र जाँगर गणक सुपरिवेक्षकहरूले प्रदर्शन गर्नसक्नु पर्दछ । सजिलै नखुल्ने कतिपय नागरिकले आफ्नो सही विवरण दिन हिच्किचाउन पनि सक्छन् । फरक भाषा र भूगोलको समस्याका कारण सही तथ्याङ्क लिन जटिल पनि हुनसक्छ । कुशल गणकसुपरिवेक्षकहरूले यस्तो जटिलता पार गर्दै सही नजिता निकाल्न सक्दछन् । त्यो कुशलता यस जनगणनामा देखिनुपर्छ ।

समावेशी अभ्यासमा अघि बढेको नेपालमा यसबारे स्पष्ट चित्र पनि जनगणनाले नै दिनेछ । जातजाति, भाषा, लिङ्ग, धर्म, संस्कृतिबारे यथार्थ चित्र आएमा मात्र समावेशी चरित्रलाई अझ समुन्नत बनाउन सकिन्छ । हरेक घरमा सोधिने न्यूनतम ५४ वटा प्रश्नका सही उत्तर नआएमा अवस्था के हुनेछ भन्ने गम्भीर पक्ष अहिल्यै बुझ्नु जरुरी छ । कोही नछुटाउने र कोही नदोहोऱ्याउने सुनिश्चितताले कतिपय गम्भीर चुनौती पार गर्न सघाउने छ ।

अहिले देशमा सबैभन्दा बढी चासो र सरोकार राख्ने विषय के हो ? अथवा सबैले महत्व दिनुपर्ने मुद्दा के हो ? यसप्रति अधिकांशको मत मिलेको देखिँदैन । कतिपय राजनीतिकर्मी, जनगणना तथा जनसङ्ख्याविद्हरू यस मुद्दामा चिन्तित देखिए पनि राष्ट्रिय राजनीतिमा यति गम्भीर मुद्दा ओझेलमै परेको देखिन्छ । अहिले देशमा केही तात्कालीन घटनाक्रमप्रति धेरैको ध्यान, चासो र चिन्ता बढी छ । दलहरू बीचको विवाद र तानातान, राष्ट्रिय राजनीतिमा देखापरेका उतारचढाव तथा सर्वोच्च अदालतभित्र चर्किएको द्वन्द्वलगायतका कारणले अति महत्वको राष्ट्रिय जनगणनाप्रति धेरैको चासो कम गएको अनुभूति गर्न सकिन्छ ।

बेमौसमी विपत्ति, बाढीपहिरो र त्यसबाट असामान्य क्षति भोगेकाहरूको कारुणिक ध्यान अन्तै छ । विपत्तिमा फसेकाहरूका लागि तत्काल आफ्नै समस्यामा ध्यान हुनु स्वाभाविक हो । कोरोना सङ्क्रमणका कारण मानिस एक अर्कासँग भेट्न नखोज्नु अर्को समस्या छ । यी सबै कुराका बावजुद अहिले सबैले चासो र ध्यान दिनुपर्ने विषय त सत्यतथ्य जनगणना नै हो । जनगणनामा कोही नछुट्ने र कोही नदोहोरिने सवाल नै हो । सोधिएका प्रश्नको सही र सत्य जवाफको खोजी नै हो । त्यसैले 'मेरो जनगणना, मेरो सहभागिता' नारामा मात्र होइन, वास्तविक नागरिकले अनुभूति गर्न सकुन् । सरकार, गणक र सही सूचना दिने नागरिक कोही कसैबाट गल्ती र कमजोरी नहोस् । किनकि तथ्याङ्क यस्तो आधार हो, जसको आधारमा समाजको दिशा निर्धारण हुन्छ । देश र जनताको समृद्धिका खाका बन्छन् । अन्तर्राष्ट्रिय रूपमा देशप्रतिको धारणा बन्छ । जनगणनामा सबैको ध्यान जान र प्राथमिकतामा राख्न आवश्यक छ ।

गोरखापत्र

## नेपालीको हातमा आएपछि खुकुरी रम नयाँ प्याकेजिङमा, स्वाद भने परिवर्तन नहुने

काठमाडौं । मदिरा पारखीका लागि 'खुकुरी रम' ब्राण्ड नौलो होइन । मदिराप्रेमीमध्ये अधिकांशले स्वाद चाखेका थोरै ब्राण्डमध्येमा खुकुरी रम पनि पर्छ । नेपालमा मात्रै नभई खुकुरी रमको बजार विदेशमा पनि उत्तिकै छ । नेपालबाहेक १३ वटा देशमा खुकुरी रमका पारखी छन् । बजार पनि एकछत्र जस्तै राज छ । यसका पछाडि यसको गुणस्तर र लामो समयदेखि एउटै स्वाद हो ।

खुकुरी रम मदिराप्रेमीका लागि त प्रिय ब्राण्ड भइहाल्यो, उपहार दिनका लागि पनि उपयोगी बनेको छ । नेपालमा मात्रै होइन विदेशी बजारमा पनि खुकुरी रमको उत्तिकै माग छ । विशेषगरी विन्टरको समयमा खुकुरी रमको खपत अत्यधिक हुन्छ । जाडो मौसममा तातोपानी, अदुवा, मचिर, कागती र महको स्वादमा 'रम पञ्च'को चुस्की लिनेहरु धेरै हुन्छन् । ६२ वर्ष अघिदेखि उत्पादन शुरु भएको खुकुरी रम नेपालको राम्रो ब्राण्डका रुपमा पहिचान समेत स्थापित गरिसकेको छ । गोर्खालीका लागि 'खुकुरी'को जति सम्मान र पहिचान छ उसैगरी खुकुरी रमले पनि बजारमा आफ्नो गर्विलो इतिहास कायम गर्न सफल भएको छ । करिब ३ वर्षअघिसम्म भारतीय लगानीकर्ता रहेको कम्पनीमा त्यसयता नेपालीहरुको हातमा आएको छ । तीन वर्षअघि भारत कलकत्ताको व्यापारिक घराना कनोइ परिवारको स्वामित्वमा रहेको पीडीके इम्पेक्सको सेयर नर्भिक अस्पताल सञ्चालन गरिरहेका बसन्त चौधरी र गैरआवासीय नेपाली शरदकुमार टिवडेवालले लिएका थिए । कम्पनीमा टिवडेवालको ८० प्रतिशत र चौधरीको २० प्रतिशत स्वामित्व कम्पनीमा छ । ५९ वर्षअघि 'दि नेपाल डिष्ट्रिलरी' कम्पनीमार्फत् खुकुरी रम उत्पादन शुरु भएको थियो । कम्पनी ३ वर्षअघि १ अर्ब ६० करोड रुपैयाँमा नेपालीहरुले खरिद गरेका थिए । कम्पनीको ५६ लाख ८३ हजार २०० रुपैयाँ बराबरको चुक्तापुँजी ५६ हजार ८३२ कित्ता सेयर छन् । कम्पनीको सेयर शुरुमा पशुपति प्लानर्सले ३१ हजार ४२८ कित्ता र बाँकी रहेको २५ हजार ४०४ कित्ता सेयर एमसिकेटी होल्डिङसले खरिद गरेको थियो । पशुपति प्लानर्समा वसन्त चौधरीको बीएलसी होल्डिङस र टेवडेवालको स्वामित्वमा थियो भने एमसीकेटी होल्डिङसमा टेवडेवालाको शतप्रतिशत स्वामित्व छ । उनीहरुले प्रतिकित्ता २८ हजार ३२९ रुपैयाँ ११ पैसामा सेयर खरिद गरेका थिए । लामो समयदेखि अस्पताल सञ्चालन गरिरहेका वसन्त चौधरीलाई शुरुमा मदिरा उद्योगमा हात नहालौं भन्ने लागेको थियो । अस्पताल चलाइरहेको व्यक्तिले मदिरा उद्योगमा लगानी गर्दा राम्रो सन्देश नजाने उनको सोच थियो ।

यसमा कम्पनीका अन्य व्यक्तिहरुले चौधरीलाई लगानी गर्नका लागि मनाए । उनीहरुले कम्पनीमा आफूले लगानी नगर्दा फेरि विदेशी लगानीकर्ताकै हातमा जाने र स्वदेशी राम्रो कम्पनी भएको तर्क गरेका थिए ।

कम्पनीको स्वामित्व नेपालीको हातमा आएको ३ वर्षपछि अहिले प्याकेजिङ (प्याक) परिवर्तन गरेको छ । 'कम्पनीले प्याकेजिङ परिवर्तन गरी अझ आकर्षक, विश्वस्तरीय एवम् वातावरणमैत्री रुपमा बजारमा उत्रिने निर्णय गरेको छ । यो निर्णयअनुसार चाँडै विश्वस्तरीय नयाँ प्याकसहित बजारमा आउने तयारी समेत तीव्र गतिमा अगाडि बाँकी ६ पृष्ठमा

## घरेलु तथा साना उद्योग महासंघको २५ औं राष्ट्रिय महाअधिवेशन पुसमा

काठमाडौं । आगामी पुस तेस्रो साता नेपाल घरेलु तथा साना उद्योग महासंघको २५ औं राष्ट्रिय महाअधिवेशन हुने भएको छ ।

आगामी पुस २२, २३ र २४ गते २५ औं महाधिवेशन तथा २२ औं महिला उद्यमी सम्मेलन सम्पन्न गर्ने महासंघले जनाएको हो । महाधिवेशनले आगामी तीन वर्षका लागि नयाँ कार्यसमिति चयन गर्ने छ ।

त्यसभन्दा अगाडि आगामी मङ्सिर १५ गतेसम्म प्रदेश सम्मेलन सम्पन्न गरिसक्ने महासंघले जनाएको छ । महासंघको लुम्बिनी प्रदेशको अधिवेशन कार्तिक २९ गते, बागमती प्रदेशको अधिवेशन मङ्सिर १ गते र गण्डकी प्रदेशको मङ्सिर ७ गते आयोजना गर्ने तयारी गरिएको छ । महासंघले जिल्ला, नगर तथा पालिकास्तरमा अधिवेशन सम्पन्न गरिसकेको छ ।

महासंघद्धारा घोषित कार्यक्रम अन्तरगत मङ्सिर २४ गते ढाका उद्यमी व्यवसायीहरुको राष्ट्रिय भेला र ३ दिने ढाका प्रदर्शनी तथा २०७९ बैशाख १५ देखि १९ गतेसम्म १६ औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सव आयोजना गर्ने तय गरेको छ ।

## ललितपुरको ज्वागलमा एक युवती मृत भेटिइन्

काठमाडौं। ललितपुरको ज्वागलमा एक युवती मृत भेटिएकी छन् । सर्लाहीको बागमती गाउँपालिका घर भएकी २२ वर्षीया रेखा शाह मृत भेटिएकी हुन् ।

ललितपुर प्रहरी प्रमुख एसएसपी किरण बज्राचार्यका अनुसार घरको झ्यालको रेलिङमा झुण्डिएको अवस्थामा उनको शव परिवारका सदस्यले फेला पारेका थिए । अस्पताल लगेपछि चिकित्सकहरुले मृत घोषणा गरेका थिए । 'बाहिर पसल थियो, आफन्तले देखेपछि अस्पताल लगेछन्' उनले भनिन्, 'तर अगाडि नै मृत्यु भइसकेको रहेछ ।'शाहको माइती पक्षले चाहिँ उनको मृत्यु शंकास्पद रहेको दाबी गरेको छ । उनीहरुको भनाइमा दाइजो सम्बन्धी विवादमा शाहलाई परिवारले यातना दिइरहेको थियो । एसएसपी बज्राचार्य भन्छिन्, 'मृत्युको कारण त पोष्टमार्टम रिपोर्टपछि नै खुल्छ, यसमा अरु कुनै कारण छ कि भन्नेबारे पनि अनुसन्धान हुन्छ ।' उनका अनुसार शवलाई पोष्टमार्टमका लागि पाटन अस्पताल लगिएको छ ।

## जुवाखालबाट रु १२ लाख ४३ हजारसहित १५ जना पक्राउ

भक्तपुर । प्रहरीले जुवाखालबाट नगदसहित १५ जनालाई पक्राउ गरेको छ । गए राति चाँगुनारायण नगरपालिका ८ सुडाल पुरीगाँउस्थित मणिराम पुरीका घरमा जुवा खेलिरहेका अवस्थामा महानगरीय प्रहरी परिसर भक्तपुरबाट प्रहरी निरीक्षक लोकबहादुर जिसीको कमाण्डमा गएको टोलीले उनीहरुलाई पक्राउ गरेको हो । प्रहरी परिसरका प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी दीपक गिरीले जुवातास खेलिरहेको जानकारी आएपछि गएको टोलीले पुरीका घरमा छापा मार्दा जुवातास खेलिरहेका अवस्थामा नगद रु १२ लाख ४३ हजार ७८० सहित १५ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मणिराम पुरी , सुशील खत्री, चन्द्रशेखर खत्री,नवराज खत्री, राजन कार्की, चिरञ्जीवी फुँयाल, जनक खत्री, जीवन श्रेष्ठ, परमेश्र थापा, प्रेमकुमार विक, सरोज भण्डारी, विनोद तिमिल्सिना, विकास लामा, रुपेश न्याजु र नयाँपाटीका रामु भण्डारी छन् ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



## मेगा बैंकका ग्राहकलाई दृष्टि आई केयरमा छुट

काठमाडौं । मेगा बैंक नेपाल लिमिटेडले दृष्टि आई केयरसँग सम्झौता गरेको छ । बैंकले आफ्ना ग्राहकहरुलाई काठमाडौंको कलंकीस्थित दृष्टि आई केयरको सेवामा विशेष छुट दिने सम्झौता गरेको जनाएको छ । सम्झौता पछि

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंकका डेबिट तथा क्रेडिट कार्ड प्रयोगकर्ता ग्राहकहरुले दृष्टि आई केयरको ओपीडीमा २० प्रतिशत, शल्यक्रिया शुल्कमा १० प्रतिशत, शल्यक्रिया प्याकेजमा ५ प्रतिशत, आँखाको परिक्षण र ल्यावमा ५/५ प्रतिशत तथा चश्मा खरिदमा ७.५० प्रतिशतसम्म छुट पाउने भएका छन मेगा बैंकका ग्राहकहरुलाई यसअघि देखि नै काठमाडौंका विभिन्न हस्पिटलसँग बैंकले सम्झौता गरी छुटको व्यवस्था हुदै आएको छ ।

## बैंक अफ काठमाण्डूको सिइओमा श्रवण लाल मास्के नियुक्त

काठमाडौं । बैंक अफ काठमाण्डु लिमिटेडले बैंकको प्रमुख कार्यकारी अधिकृतमा श्रवण लाल मास्केलाई नियुक्त गरेको छ । मिति २०७८ साल कार्तिक १७ गते बुधवार बसेको संचालक समितिको बैठकले बैंकका प्रमुख कार्यकारी अधिकृतमा




श्रवण लाल मास्केलाई नियुक्त गरेको बैंकले जनाएको छ । मास्कको अनुभव यस्तो छ । नवनियुक्त बैंकका प्रमुख कार्यकारी अधिकृत मास्केले बिगत ३ महिना अघि देखि बैंकको कामु प्रमुख कार्यकारी अधिकृतको रुपमा बैक अफ काठमाडौंको नेतृत्व गर्दै आउनुभएको थियो । बैंकको दीर्घकालिन व्यावसायिक योजना, रणनीति तर्जुमा तथा कार्यान्वयनमा अत्यन्त कुशल तथा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आउनु भएको छ । सन् १९८५ मा नबिल बैंक लिमिटेडबाट बैङ्किङ क्षेत्रमा प्रवेश गर्नुभएका श्रवण लाल मास्केसंग तीन दशक भन्दा बढी बैङ्किङ क्षेत्रको अनुभव रहेको छ । नवनियुक्त बैंकका प्रमुख कार्यकारी अधिकृत भएपछि श्रवण लाल मास्केले आफ्नो कार्यकालमा बैक अफ काठमाण्डू लिमिटेडलाई थप सबल, सफल तथा अझै सुदृढ बैंकको रुपमा स्थापित गराउन आफ्नो प्रमुख भुमिका रहने जानकारी गराउनु भएको थियो । बैंक अफ काठमाण्डू लिमिटेडले ९१ शाखा कार्यालयहरु, ८१ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैङ्किङ सुविधा प्रदान गर्दै आईरहेको छ ।

## कामना सेवा विकास बैंकको १८.४७ प्रतिशत लाभांश बाड्दै

काठमाडौं । कामना सेवा विकास बैंकले प्रस्तावित १९ दशमलव ४७ प्रतिशत लाभांश मंगलवार वार्षिक साधारण सभा सम्पन्न गरी पारित गरेको छ । कम्पनीले पार्क भिलेज रिसोर्ट, बुढानीलकण्ठमा कोभिडको जोखिमलाई ध्यानमा राखी भर्चुअल माध्यमबाट सभा सम्पन्न गरी उक्त निर्णयहरु पास गरेको हो । सभाले गत आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरु




पारित गर्नुका साथै प्रस्तावित लाभांशलाई समेत वितरणयोग्य बनाएको हो । कम्पनीले हाल कायम चुक्तापूँजी रू. २ अर्ब ६५ करोड १९ लाख ६३ हजारको आधारमा १८ दशमलव ५० प्रतिशत बोनस शेयर र कर प्रयोजनका लागि शून्य दशमलव ९७ प्रतिशत नगद लाभांश वितरणको प्रस्ताव पारित गरेको हो । सभाले संस्थापक समूहबाट ३ जना र सर्वसाधारण समूहबाट ३ जना गरी ६ जना सञ्चालकको निर्वाचन गर्ने कार्यक्रम तय गरेकोमा पुराने संचालकहरुलाई निर्विरोध निर्वाचित गरेको छ । यस कम्पनीले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा प्राप्तीमा जाने विषयमा पनि सभामा छलफल गरेको छ । उपयुक्त अन्य बैंक तथा वित्तीय संस्थाहरुसँगै मर्जर तथा प्राप्त प्रयोजनमा जान सदस्यहरुले स्वीकृति प्रदान गर्दै त्यसको सम्पूर्ण जिम्मेवारी संचालक समितिलाई दिने निर्णय गरेका छन् । कम्पनीले साधारण सभा र लाभांश प्रयोजनका लागि कात्तिक १० गते एक दिन बुक क्लोज गरेको छ । बुक क्लोजको आधारमा कात्तिक ९ गतेसम्म कायम शेयरधनीहरु मात्र कम्पनीले पारित गरेको लाभांश प्राप्त गर्नेछन् ।

## आइएमई जनरल इन्स्योरेन्स लिमिटेड र Pick Me बिच सम्झौता

काठमाडौ । आइएमई जनरल इन्स्योरेन्स लिमिटेड र Pick Meबिच दुर्घटना बीमासेवा प्रदान गर्ने सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री युगेशभक्त बादे श्रेष्ठ र Pick Me का अध्यक्षश्री प्रसन्न अधिकारीले हस्ताक्षर गर्नुभयो ।

यस सम्झौता पश्चात Pick Meकाचालक र Pick Meप्रयोग गर्ने सबै ग्राहक महानुभावहरुको रु. १,००,०००/-(अक्षेरुपी एक लाख)सम्मको दुर्घटना




बीमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडबाट हुनेछ ।

सम्झौता पत्रमा हस्ताक्षर पश्चात Pick Me का अध्यक्ष प्रसन्न अधिकारीले आइएमई जनरल इन्स्योरेन्स लिमिटेडबाट Pick Me का चालक तथाग्राहकको बीमा गराउन पाएकोमा खुशी व्यक्त गर्दै कम्पनीको तर्फबाट चालक तथा Pick Me ग्राहकले ride sharing, food delivery, logistic support, mart एउटै एप बाट गर्ने व्यवस्थाहेको रसो एप Playstore तथा App Store बाट डाउनलोड गर्नसकिने व्होरा जानकारी गराउनुभयो ।

आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री युगेशभक्त बादे श्रेष्ठले Pick Me काचालक र ग्राहक महानुभावहरुलाई कम्पनीसँग बीमा गर्ने अवसर प्रदान गरेकोमा Pick Meका अध्यक्ष लगायत Pick Me टिमलाई धन्यवाद दिनु हुँदै Pick Me प्रयोग गर्ने चालक र सबै ग्राहक महानुभावहरुलाईदुर्घटना बीमागर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो । उक्त अवसरमा श्री श्रेष्ठले कम्पनीले आवश्यक पर्ने सबै किसिमको निर्जीवन बीमा सेवा सहज रुपमाप्रदान गर्ने व्होरा जानकारी गराउदै ढुक्क भएर बीमासेवा लिन पनि सबैमा आग्रह गर्नुभयो ।

## सिटिजन्स बैंकको लाभांश पारित

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनलको १६ प्रतिशत प्रतिशत लाभांश पारित भएको छ । बैंकको संचालक समितीको मंगलबार सम्पन्न भएको १५ औं वार्षिक साधरणसभाले उक्त लाभांश पारित गरेको हो । यससँगै सेयरधनीले



आर्थिक वर्ष २०७७-७८ को नाफाबाट चुक्ता पुँजीको १२ प्रतिशत बोनस शेयर र ३.०८७ प्रतिशत नगद लाभांश पाउने छन् । त्यसैगरी साधरणसभाले सर्वसाधारणको तर्फबाट प्रकाश चन्द्र मैनाली र विजय ध्वज कार्कीलाई संचालक समितिमा निर्विरोध निर्वाचित गरेको छ ।

## नबिल बैंक ग्लोबल एसएमई फाइनान्स अवार्ड-२०२१ बाट सम्मानित

काठमाडौं । नबिल बैंक 'ग्लोबल एसएमई फाइनान्स अवार्ड-२०२१' मा "एसएमई फाइनान्सिएर अफ द इयर-एशिया" अन्तर्गत विशिष्ट सम्मानबाट सम्मानित भएको छ । नबिल बैक विश्व बैंकको सदस्य अन्तर्राष्ट्रिय वित्त संस्था (आईएफसी) र एसएमई फाइनान्स फोरमद्वारा आयोजित र वित्तीय समावेशीकरणको लागि जी२० को ग्लोबल साझेदारी (जीपीएफआई) द्वारा अनुमोदित, ग्लोबल एसएमई फाइनान्स पुरस्कारबाट सम्मानित भएको हो ।




आईएफसी र एसएमई फाइनान्स फोरमले नबिल बैंकलाई विगतको आर्थिक वर्षमा एसएमई क्षेत्रमा हासिल गरेको प्रगतिलाई पहिचान गरी सम्मान दिएको छ । एसएमईहरु अर्थतन्त्रको मेरुदण्ड हो ।

हाल कोभिड-१९ को महामारीबाट राष्ट्रिय अर्थतन्त्र प्रभावित भइरहेको अवस्थामा नबिल बैंकले रणनीतिकरुपमा एसएमई क्षेत्रको उत्थानमा ध्यान केन्द्रित गरेको छ । यसका लागि सक्रियतापूर्वक आफ्नो व्यावसाय प्रक्रियालाई नविनतम निति, तथा प्रकृया मार्फत एसएमई क्षेत्रलाई सरल, सहज र चुस्त रुपमा कर्जा उपलब्द गराउदै आएको छ ।

# अर्थ संसार

## सांग्रिला डेभलपमेन्ट बैंकको लाभांश पारित

काठमाडौं । साग्रिला डेभलपमेन्ट बैंकको वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभाले सेयरधनीहरुलाई १० प्रतिशत बोनस शेयर तथा




कर भुक्तानी प्रयोजनका लागि चुक्ता पूँजीको ०.५२६३ प्रतिशत बराबरको नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो ।

## ग्लोबल आइएमई बैंकका ३ नयाँ शाखा सञ्चालनमा

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले बुधबार देखि तीनवटा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । नयाँ शाखाहरु सञ्चालनमा आएसँगै बैंकको शाखा कार्यालयहरुको संख्या २८६ पुगेको छ । बैंकले काठमाडौं महानगरपालिकाको महाराजगञ्ज, नरेफाँट र चण्डोलमा एकैसाथ तीननयाँ शाखाहरु सञ्चालनमा ल्याएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
The Bank For All

नयाँ शाखाहरुबाट बुधबारदेखि नै सम्पूर्ण बैंकिङ्ग सेवाहरु उपलब्ध हुने बैंकले जनाएको छ । सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले ग्लोबल आइएमई बैंकले देशका ७६ जिल्लामा फैलिएको २८६ शाखा सञ्जाल सहित २५२ एटिएम, ४८ एक्सटेन्सन काउण्टर तथा राजश्व संकलन काउण्टर, २६२ शाखा रहित बैंकिङ्ग सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि/सम्पर्क कार्यालय मार्फत आफ्ना २७ लाख भन्दा बढि ग्राहकहरुमाझ सेवा प्रदान गर्दै आइरहेको छ ।

## एनआईसी एशियाका ग्राहकले कार्ड बिनै एटिएमबाटै पैसा निकाल्न सक्ने

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

काठमाडौं । सहज डिजिटल बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको एन आई सी एशिया बैंकले मोबाइल बैंकिङ्ग एप प्रयोग गरी एटिएमबाट कार्ड बिनै नगद रकम झिक्न सकिने सुविधाको सुरुवात गरेको छ ।

बैंकमा खाता खोली बैंकको मोबाइल बैंकिङ्ग सेवा लिएका ग्राहकहरूले बैंकका देशभर रहेका ४७३ वटा एटिएमबाट यो सेवा प्रयोग गरी जुनसुकै समयमा नगद निकाल्न सक्नेछन । बैंकको यो सुविधा प्रयोग गर्नका लागि बैंकको मोबाइल एप प्रयोगकर्ताहरूले एप भित्र रहेको क्यास विथड्रल आइकनमा ट्याप गरेर त्यसभित्र आफूले निकाल्न चाहेका रकम उल्लेख गरेर ट्रान्जेक्सन पिन जवा फिंगरप्रिन्ट राखेर भेरिफाई गरेपश्चात् आफ्नो बैंक खातामा दर्ता भएको मोबाइल नम्बरमा ओटिपी प्राप्त गर्नेछन् ।

## ६ अर्ब १० करोडको ट्रेजरी बिल बिक्री गर्दै राष्ट्र बैंक

काठमाडौं । नेपाल राष्ट्र बैंकले रु ६ अर्ब १० करोड बराबरको ट्रेजरी बिल बिक्री गर्ने भएको छ । बैंकले ९१ दिन अवधिको रु १० करोड र १८२ दिन अवधिको रु छ अर्ब गरी कुल रु ६ अर्ब १० करोडको ट्रेजरी बिल आज बोलकबोल गर्न लागेको हो ।

राष्ट्र बैंकका अनुसार ९१ दिने ट्रेजरी आगामी माघ २५ गते परिपक्व हुनेछ भने १८३ दिने ट्रेजरी २०७९ वैशाख २७ मा परिपक्व हुनेछ । यसअघि यही कात्तिक १५ मा बैंकले रु एक अर्ब ६६ करोडको ट्रेजरी बिक्री गरेको थियो ।

ऋणपत्रको बोलकबोल अनलाइनमार्फत दिउँसो २ बजे खुला हुने राष्ट्र बैंकले जनाएको छ । बोलकबोलमा सहभागी हुने क, ख र ग वर्गका बैंक, अन्य वित्तीय संस्था, गैह्रबैंक तथा वित्तीय संस्थालगायतमध्ये सर्वाधिक अङ्क कबोल गर्नेलाई राष्ट्र बैंकले मङ्गलबार ट्रेजरी बिल जारी गर्नेछ ।

राष्ट्र बैंकले सरकारलाई आवश्यक पर्ने अल्पकालीन ऋण उठाउन बोलकबोल प्रक्रियामार्फत प्रत्येक हप्ता यस्ता ऋणपत्र बिक्री गर्दछ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# नेपालमा जलमार्गको आवश्यकता तथा महत्व

**गम्भीरबहादुर हाडा**

जलमार्गको अर्थ एउटै भए तापनि जलमार्गको सञ्चालन दुई किसिमको हुन्छ : (१) आन्तरिक जलमार्ग (२) बाह्य जलमार्ग । आन्तरिक जलमार्ग भन्दा देशभित्रको ठूलाठूला नदीहरूबाट एक ठाउँबाट अर्को ठाउँमा सामान ओसारपसार तथा यातायातको काम लिइन्छ । बाह्य जलमार्गभन्दा ठूल्ठूला जहाजबाट समुद्रपारका देश र महादेशमा समुद्र र महासागरको जलमार्गबाट सामान ओसारपसार गरिन्छ । नेपालमा सम्भाव्यता अध्ययन गरिएका सबै ठाउँहरूमा जेट चार्जको सञ्चालन हुन सक्यो भने हाम्रो यातायातको विकासमा यो अत्यन्त महत्वपूर्ण कदम हुनेछ । कृत्रिम रूपमा जेट चार्ज उपलब्ध गराएर जलमार्गको सञ्चालन हुन सक्यो भने हाम्रो यातायातको विकासका क्रममा उपलब्धिको महत्वपूर्ण बिन्दुमा पु(याउने निश्चित देखिन आउँछ । जलयातायातको सम्भाव्यताका लागि प्रारम्भिक परीक्षण गर्दा १५/१६ वटा ठाउँहरूमा यातायात सञ्चालन गर्न सकिने देखिन आउँछ । जलमार्गको विकास गर्न सकेमा यातायातको विकास हुनुको साथ साथै विदेशी मुद्राको आर्जन, इन्धनको बचत, पर्यटन उद्योगको विकास, मर्मतसम्भार खर्चमा कमी आदि महत्वपूर्ण फाइदा प्राप्त हुन आउँछ ।

विभिन्न नदीनालाहरूमा पूर्व प्रारम्भिक विस्तृत सर्भेक्षणपश्चात् केही ठाउँहरूमा नतिजा उत्साहवर्द्धक देखिएकोमा नेपालजस्तो पहाडी धरातलको नदीनालाहरूमा सञ्चालन गर्न उपयुक्त भनिएको संयुक्त अधिराज्यको इडाहोमा निर्मित जेट-वार्ज इन्टरनेसनल डेभलोपमेन्ट इन्टरप्राइजेज मार्फत् ल्याई जलमार्ग सञ्चालनका लागि सम्भाव्यता सर्भेक्षण पनि गरिएको पाइन्छ । श्री ५ को सरकार र इन्टरनेसनल डेभलोपमेन्ट इन्टरप्राइजेजको संयुक्त प्रयासमा यूएनडीपीको अनुदान सहयोगसमेत लिई आव २०४५/४६ मा अरुण नदीमा चतरादेखि टुमलिङटारसम्म स्टेटमा जेट वार्ज सञ्चालन गर्ने कार्यक्रम पनि राखियो । यसरी नेपालमा सम्भाव्यता अध्ययन गरिएका सबै ठाउँहरूमा जेट वार्जको सञ्चालन हुन सक्यो भने हाम्रो यातायातको विकासमा यो अत्यन्त महत्वपूर्ण कदम हुनेछ । कृत्रिम रूपमा जेट वार्ज उपलब्ध गराएर जलमार्गको सञ्चालन हुन सक्यो भने मुलुकलाई आधुनिक यातायातको विकासका क्रममा उपलब्धिको महत्वपूर्ण बिन्दुमा पुऱ्याउने निश्चित देखिन आउँछ । जल यातायातको सम्भाव्यताका लागि प्रारम्भिक परीक्षण गर्दा १५(१६ वटा ठाउँहरूमा यातायात सञ्चालन गर्न सकिने देखिन आएको छ ।

देशको भू(बनोट वरदानका रूपमा रहेका नदीहरू अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्यको अनिश्चितता आदिलाई दृष्टिगत गर्दा मौजुदा सतहमार्ग (सडक यातायातको साथसाथै) पूरकको रूपमा जलमार्गको विकासलाई ध्यान दिनु अत्यावश्यक भएको छ । मर्मतसम्भार लागत पनि कम लाग्ने र प्राकृतिक स्रोत तथा सम्पदाका लागि पनि न्यायोचित परिचालन हुने प्रकारको जल यातायातको सञ्चालन गर्न सकेको खण्डमा देशको चौतर्फी विकासमा तीव्रता आउने तथ्यता क्षणभर मनन गरेमा नै पनि सिद्ध हुन सक्छ । जलमार्गको विकासको कुरा गर्दा क्षेत्रीय सहयोगको प्रश्नलाई पनि पन्छाउन सकिँदैन । निश्चय नै जलमार्गको विकासमा नेपाल, भारत र बंगलादेशबीच सहमति भई कुनै योजना कार्यान्वयन गरिएको खण्डमा त्यसले सम्बन्धित सबै पक्षलाई लाभ हुने विशवास छ । बंगलादेश र भारतको समुद्री क्षेत्रको बन्दरगाहसँग नेपालको नारायणी र कोसी नदीलाई जलमार्गद्वारा सहन्वित गर्ने धारणा कार्य रूपमा परिणत भएमा नेपालमा आयात गरिने मात्र होइन नेपालबाट निर्यात गरिने वस्तुहरूलाई समेत सुलभ रूपमा पारवहन गर्न सकिने कुरा निश्चित छ । राष्ट्रमा विद्यमान जलस्रोतको अधिकतम उपयोग गरेर खर्चिलो तेल इन्धनको आयातमा किफायत गर्ने'दयगत सोचिनु ज्यादै आवश्यक र राम्रो कुरा हुन आउँछ । जलमार्गको अर्थ एउटै भएता पनि जलमार्गको सञ्चालन दुई किसिमको हुन्छ, (१) आन्तरिक जलमार्ग (२) बाह्य जलमार्ग । आन्तरिक जलमार्गभन्दा देशभित्रको ठूला-ठूला नदीहरूबाट एक ठाउँबाट अर्को ठाउँमा सामान ओसारपसार तथा यातायातको काम लिइन्छ । बाह्य जलमार्गभन्दा ठूलठूला जहाजबाट समुद्रपारका देश र महादेशमा समुद्र र महासागरको जलमार्गबाट सामान ओसारपसार गरिन्छ । नेपालमा सम्भाव्यता अध्ययन गरिएका सबै ठाउँहरूमा जेट चार्जको सञ्चालन हुन सक्यो भने हाम्रो यातायातको विकासमा यो अत्यन्त महत्वपूर्ण कदम हुनेछ । कृत्रिम रूपमा जेट चार्ज उपलब्ध गराएर जलमार्गको सञ्चालन हुन सक्यो भने हाम्रो यातायातको विकासका क्रममा उपलब्धिको महत्वपूर्ण बिन्दुमा पु(याउने निश्चित देखिन आउँछ । जलयातायातको सम्भाव्यताका लागि प्रारम्भिक परीक्षण गर्दा १५/१६ वटा ठाउँहरूमा यातायात सञ्चालन गर्न सकिने देखिन आउँछ ।

जलमार्गको विकास गर्न सकेमा यातायातको विकास हुनुको साथ साथै विदेशी मुद्राको आर्जन, इन्धनको बचत, पर्यटन उद्योगको विकास, मर्मतसम्भार खर्चमा कमी आदि महत्वपूर्ण फाइदा प्राप्त हुन आउँछ । नेपालमा खास गरेर छैठौं पञ्चवर्षीय योजना (२०३७(२०४२) देखि मात्रै जलमार्गको विकासका लागि खास महत्वपूर्ण कदम चालिएको देखिन आउँछ । त्यस्तै सातौं योजना (२०४२(२०४७), आठौं योजना (२०४९(५४), नवौं योजना (२०५४(२०५९)मा पनि जलमार्गको विकासको लागि श्री ५ को सरकारले केही कदम चालिने योजनामा उल्लेख गरिएको पाइन्छ । तर, उपलब्धि भने खास भएको देखिँदैन । १०औं योजना (२०५९(६४) १०औं योजनामा पनि जलयातायात सञ्चालनका लागि मागको आधारमा सम्भाव्य क्षेत्रको पहिचान गरी यसलाई राष्ट्रिय यातायात प्रणालीभित्र समन्वयात्मक रूपमा विकास गर्न दीर्घकालीन योजनाको तर्जुमा गरिने नीति र कार्यक्रम राखिएको छ । त्यस्तै, जलमार्गको विकास तथा सञ्चालनका लागि आवश्यक पूर्वाधारको अध्ययन गरी आन्तरिक जलयातायात संरचनाको विकासमा जोड दिइने पनि उल्लेख गरियो । सम्भाव्य आन्तरिक जल यातायात संरचनालाई छिमेकी राष्ट्रको जल यातायात प्रणालीसँग आबद्ध गर्न आवश्यक समन्वय गरी विकास गरिने नीति र कार्यक्रम पनि राखिएको देखिन आउँछ । जलमार्गको अर्थ एउटै भए तापनि जलमार्गको सञ्चालन दुई किसिमको हुन्छ : (१) आन्तरिक जलमार्ग र (२) बाह्य जलमार्ग । आन्तरिक जलमार्गभन्दा देशभित्रको ठूलाठूला नदीहरूबाट एक ठाउँबाट अर्को ठाउँमा सामान ओसारपसार तथा यातायातको काम लिइन्छ । बाह्य जलमार्गभन्दा ठूलाठूला जहाजबाट समुद्रपारका देश र महादेशमा समुद्र र महासागरको जलमार्गबाट सामान ओसार पसार गरिन्छ ।

हाम्रो ठूला नदीहरूको माध्यमबाट समुन्द्री बन्दरगाहसम्म जलमार्ग जोडन सक्ने हो भने विदेशी पारवहान सहज हुन जान्छ । नेपालको कोसी गण्डकी, भेरी भारको गंगामा मिसिएर कोलकोता र बंगालको खाडीमा पुगेका छन् । यी नदीका माध्यमबाट समुन्द्रसम्म पहुँच स्थापना गर्न सकिन्छ । भारतीय नदीको बाहव र ती नदीमा निर्माण भएका जलमार्ग सञ्चालनको दृष्टिले असहज भएको अध्ययनले प्रमाणित गरेका छन् । यसबाट आयात निर्यातको व्यापारमा ढुवानी र उच्च लागतको अवरोध समाधान हुन सक्छ । ढुवानीको लागत न्यूनीकरण स्वाभाविक रूपमा सघाउ पुग्न सक्छ । विज्ञ र सरकारवालाले गण्डकी र कोसी नदीलाई समुन्द्री बन्दरगाहसम्म जोडनुपर्ने विषय उठाउँदै आएका छन् । तर, सरकारीस्तरबाट भएका अध्ययनले भने यसलाई उपेक्षा गरिएको छ ।

सरकारले बेलाबेलामा जलमार्ग सञ्चालनमा चासो नराखेको पनि होइन तथापि प्रयास प्रभावकारी देखिएका छैनन् भौतिक योजना तथा निर्माण मन्त्रालयले करिब पाँच वर्षअघि नै चरणबद्ध रूपमा सम्भाव्यता अध्ययन थालेको थियो । कोसी गण्डकी र भेरी तथा यिनका सहायक नदीहरूमा जलमार्गको सम्भाव्यता अध्ययनको काम पनि भएकै हो । कोसीको धुर्मी कोसीब्यारेज, गण्डकीको रामदी देवघाट तथा फिसलिग देवघाट र भेरीको भेटचौर चिसापानी गरी कुल ४ सय ७६ किलोमिटर र विभिन्न सहायक नदीहरूमा अध्ययन थालिएको थियो । तर, यसले खासै अर्थ दिन सकेन् । नदी प्रकृतिको वरदानका रूपमा स्वभावत: समुद्रतर्फ उन्मुख महान् राजमार्ग हो । त्यसैले १२ महिना पानी बग्ने अनेकौं नदीनालाको उद्गम स्थल हाम्रो हिमालको समुद्रसँग प्राकृतिक सम्बन्ध अविच्छिन्न र अविरल छ । यसै राजमार्गबाट हाम्रो आवश्यक वस्तु निर्यात हुन सक्छ । हामी बाहिरभित्र आवतजावत गर्न सक्छौं । हाम्रो भूपरिवेष्ठित स्थितिलाई जलमार्गको सम्भावनाबाट निकै फाइदा दिनेछ । युगौं युगदेखि प्रकृतिले खोलेको यस बाटोको उपभोग गर्न अब हामीले ढिलो गरेमा हाम्रै लागि हितकर हुनेछैन । कोसी, गण्डकी र कर्णाली नेपालका प्रमुख नदीहरू हुन् ।

नेपालको आर्थिक र सामाजिक विकास गर्नका निमित्त जलमार्गको विकास गर्न सकेमा निम्न फाइदा प्राप्त गर्न सकिन्छ: वातावरणको संरक्षण : जलमार्गको विकास गर्दा अन्य यातायातको विकास जस्तै: सडक, हवाई, रेल्वे, रोप्वेको तुलनामा वातावरणमा ह्रास नआउने अरू प्राकृतिक सम्पत्तिको संरक्षण गर्न सकिन्छ । विदेशी मुद्राबाट आयात गरिएका इन्धनको सही उपयोग गर्न सकिन्छ । स्थलमार्गमा सञ्चालन गरिने ट्रक बसहरूमा खर्च हुने इन्धनको तुलनामा जल परिवहनमा खर्च हुने इन्धनको खपत निकै कम हुन जाने देखिन आउँछ । लगानी : सडक निर्माणमा हुने लगानीको तुलनामा जलमार्गको लगानी र साल बसाली मर्मतसम्भार खर्च पनि सोही अनुपातमा घटी नै हुन जाने देखिन्छ । पर्यटन प्रवर्द्धनमा टेवा : जलमार्गको विकासबाट देशमा आउने पर्यटकहरूलाई जलक्रीडाको आनन्द लिनमा आकर्षित गराउन सकिन्छ जसले गर्दा आगन्तुक पर्यटकको नेपाल बसाइमा सहयोग पु(याउन सक्नेछ ।

देशको भूबनोट वरदानका रूपमा रहेका नदीहरू अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्यको अनिश्चितता आदिलाई दृष्टिगत गर्दा मौजुदा सतहमार्ग (सडक यातायातको साथसाथै) पुरकको रूपमा जलमार्गको विकासलाई ध्यान दिनु अत्यावश्यक भएको छ । मर्मतसम्भार लागत पनि कम लाग्ने र प्राकृतिक स्रोत तथा सम्पदाका लागि पनि न्यायोचित परिचालन हुने प्रकारको जल यातायातको सञ्चालन गर्न सकेको खण्डमा देशको चौतर्फी विकासमा तीव्रता आउने तथ्यता क्षणभर मनन गरेमा नै पनि सिद्ध हुन सक्छ ।

नारायणी र कोसी नदीमा पानीजहाज चलाउन नेपाल र भारतका उच्च अधिकारी सम्मिलित टोलीले स्थलगत रूपमा सम्भाव्यता अध्ययन सुरु गरेको छ । नेपालको आफ्नै पानीजहाज हुने बताइरहेको बेला दुई देशको प्राविधिक सम्मिलित टोलीले ती नदीमा पानीजहाज चल्न सक्ने, नसक्ने विषयमा अध्ययन थालेको हो । पानीजहाज सञ्चालन हुन सक्ने वा नसक्ने निर्णय हुन बाँकी रहे पनि अघिल्लो महिना पानीजहाज कार्यालय स्थापना भइसकेको छ । नेपालमा कहाँदेखि कहाँसम्म पानीजहाज सञ्चालन हुन सक्छ भन्नेदेखि लिएर कुन आकार र क्षमताका पानीजहाज चलाउने भन्ने यकिन गर्न प्राविधिक र प्रशासनिक क्षेत्रका अधिकारी सम्मिलित टोलीले स्थलगत अध्ययन सुरु गरेको हो ।

नारायणी नदीको स्थलगत अध्ययनपछि मंगलबार नेपाल र भारतका अधिकारी कोसी नदीको सम्भाव्यता अध्ययन गर्न विराटनगर पुगेका छन् । संयुक्त टोलीले कोसी नदीको अध्ययन गर्ने कार्यक्रम रहेको नारायणी र कोसी नदीको स्थलगत अध्ययनपछि पानीजहाज सञ्चालन' दयगत काठमाडौंमा दुई देशका अधिकारीबीच थप छलफल हुनेछ । सोही छलफलले नै पानीजहाज सञ्चालनका लागि विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) तयारी'दयगत निर्णय लिनेछ । नेपालले एक्लै पानीजहाज चलाउने अवस्था नरहेकाले दुई देशका अधिकारीहरूले संयुक्त अध्ययन गरेका हुन् । नेपाली अधिकारीहरूसँग पानीजहाज चल्ने जलमार्ग निर्माण गर्ने अनुभवको समेत छैन । पानीजहाज चलाउन भारतको समुद्र प्रयोग गर्नुपर्ने बाध्यता छ । भारतले सन् २०२० सम्म नेपालसँग नजिक रहेका समुद्रमा पानीजहाज चलाउने तयारी गरेपछि नेपाल पनि सीमादेखि भित्रका नदीमा पानीजहाज चलाउन इच्छुक देखिएको हो । - राजधानी दैनिक

**सरकारले बेलाबेलामा जलमार्ग सञ्चालनमा चासो नराखेको पनि होइन तथापि प्रयास प्रभावकारी देखिएका छैनन् भौतिक योजना तथा निर्माण मन्त्रालयले करिब पाँच वर्षअघि नै चरणबद्ध रूपमा सम्भाव्यता अध्ययन थालेको थियो । कोसी गण्डकी र भेरी तथा यिनका सहायक नदीहरूमा जलमार्गको सम्भाव्यता अध्ययनको काम पनि भएकै हो । कोसीको धुर्मी कोसीब्यारेज, गण्डकीको रामदी देवघाट तथा फिसलिग देवघाट र भेरीको भेटचौर चिसापानी गरी कुल ४ सय ७६ किलोमिटर र विभिन्न सहायक नदीहरूमा अध्ययन थालिएको थियो । तर, यसले खासै अर्थ दिन सकेन् । नदी प्रकृतिको वरदानका रूपमा स्वभावतः समुद्रतर्फ उन्मुख महान् राजमार्ग हो । त्यसैले १२ महिना पानी बग्ने अनेकौं नदीनालाको उद्गम स्थल हाम्रो हिमालको समुद्रसँग प्राकृतिक सम्बन्ध अविच्छिन्न र अविरल छ । यसै राजमार्गबाट हाम्रो आवश्यक वस्तु निर्यात हुन सक्छ । हामी बाहिरभित्र आवतजावत गर्न सक्छौं । हाम्रो भूपरिवेष्ठित स्थितिलाई जलमार्गको सम्भावनाबाट निकै फाइदा दिनेछ । युगौं युगदेखि प्रकृतिले खोलेको यस बाटोको उपभोग गर्न अब हामीले ढिलो गरेमा हाम्रै लागि हितकर हुनेछैन । कोसी, गण्डकी र कर्णाली नेपालका प्रमुख नदीहरू हुन् ।**

# रामेछाप डायरी

## भक्तपुर सवारी दुर्घटना प्रकरणमा तामाङको हत्या गरिएको पीडित परिवारको आशंका

भक्तपुरको धुन्चेपाखामा मृत भेटिएका रामेछापको लिखुतामाकोसी गाउँपालिका-६ का राजकुमार तामाङको दुर्घटनामा नभई हत्या भएको आशंका पीडित परिवारले गरेको छ । प्रहरीले स्कुटर दुर्घटनामा परी तामाङको निधन भएको बताए पनि पीडित परिवारले दुर्घटना स्थलको प्रकृति हेर्दा दुर्घटना नभई हत्या गरेर फ्याकिएको आशंका गरेको हो ।

मध्यपुरथिमि नगरपालिका धुन्चेपाखाबाट थिमि आउँदै गरेको बागमती प्रदेश०२-०१६प ३४३६ नं को स्कुटर मध्यपुरथिमि नगरपालिका-८ बोडे तीनदोबाटोमा बिहिबार राती तामाङको निधन भएको अवस्थामा प्रहरीले शव फेला पारेको थियो । पीडितका आफन्त विक्रम घिसिङले घटनाको प्रकृति हेर्दा राजकुमार तामाङको दुर्घटनामा नभई हत्या गरेर फ्याकिएको आफूहरुलाई धेरै आशंका रहेको बताए । उनले भने,'राती १२ बजे घरबाट हिडेको भाई राती १ बजे मृत्यु भयो भनेर हामीलाई खबर आएको थियो, दुर्घटना भएको स्कुटरको अवस्था र भाईको शरीरमा देखिएको चोटपटक हेर्दा दुर्घटना होइन, हत्या गरेर फ्याकिएको हो ।'

घिसिङले भाइको हत्या भएको विषयमा प्रहरी समक्ष किटानी जाहेरी दिन खोल्दा प्रहरीले नलिएपछि आफूहरु थप चिन्तित भएको बताए । प्रहरीले किटानी जाहेरी दर्ता नगर्दासम्म आफूहरुले शव नबुझ्ने घिसिङले बताए । उनका अनुसार प्रहरीले सवारी दुर्घटना सम्बन्धि जाहेरी प्रहरीले दर्ता गरेपनि कर्तव्य जान सम्बन्धि जाहेरी दिन मानेको छैन् । विहिवार राती घरमा रमाईलो गरेर साथीहरुको बारम्बार फोन आएको भन्दै तामाङ स्कुटर लिएर साथी भेटन जाने भन्दै घरबाटा निस्किएका थिए । तर घरबाट निस्किएको एक घण्टापछि उनको मृत्यु भएको खबर परिवारलाई प्रहरीले दिएको थियो । तामाङ तिहार मानेर विदेश जाने तयारीमा रहेका थिए ।

## वाइसीएल रामेछापको संयोजकमा तुलबहादुर थापामगर

रामेछाप । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्र निकट योङ संगठन कम्युनिस्ट लिग, नेपाल रामेछापको जिल्ला संयोजकमा तुलबहादुर थापामरण चयन भएका छन् । त्यस्तै (माओवादी केन्द्र) सम्पर्क समन्वय विशेष प्रदेस कमिटी सदस्यमा ईलक तामाङ ग्याबाज्यु चयन भएका छन् । एक कार्यक्रमका बीच उनीहरुलाई सो जिम्मेवारी दिएको हो ।

## राष्ट्रिय जनगणना : तनहुँमा ४९० गणक खटाइने

दमौली । तनहुँमा राष्ट्रिय जनगणनाका लागि ४९० गणक परिचालन गरिने भएको छ । जिल्ला जनगणना कार्यालयले मूल गणनाका लागि ४९० गणक खटाउने भएको हो । यही कात्तिक २५ देखि मंसिर ९ गतेसम्म सञ्चालन हुने जनगणनाका लागि कार्यालयले आवश्यक तयारी थालेको छ । यसका लागि कार्यालयले गणकका लागि चारदिने तालिम दिएको छ । दशवटै पालिकामा खटिने गणकका लागि पाँच ठाउँमा तालिम सञ्चालन गरिसकिएको जिल्ला जनगणना अधिकारी नन्दलाल सापकोटाले जानकारी दिनुभयो । व्यास नगरपालिकाको आदिकवि भानुभक्त क्याम्पस, भिमाद नगरपालिका र घिरिङ तथा ऋषिङ गाउँपालिकाको भिमाद बजारमा, बन्दीपुर गाउँपालिका र भानु नगरपालिकाको डुम्रे बजारमा, देवघाट र आँबुखैरेनी गाउँपालिकाको आँबुखैरेनी बजारमा र शुक्लागण्डकी नगरपालिका र म्यार्ग्दे गाउँपालिकाको बेलचौतारामा तालिम सञ्चालन गरिएको थियो । तालिममा ४९० गणक र ३२ जना सुपरीवेक्षकको सहभागिता थियो । उहाँ अनुसार तालिममा घरपरिवारमा पुगेर जनगणना गर्दा अपनाउनुपर्ने तरिका, प्रक्रिया र मुख्य प्रश्नावली भर्ने तरिकाका बारेमा सिकाइएको छ । सुपरीवेक्षकले गत भदौ ३० देखि असोज १८ गतेसम्म घरपरिवार सूचीकरण गरिसकेका छन् । सोहीका आधारमा अब गणकले यही कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म मूल गणना गर्नेछन् । गणकमार्फत् प्रत्येक घरपरिवारमा पुगी प्रश्नावलीमार्फत पारिवारिक विवरण तथा व्यक्तिको जन्म, मृत्यु, बसाइँसराइलगायतका विवरण सङ्कलन गरिनेछ । दोस्रो चरणको गणनाअन्तर्गत नै सबै स्थानीय तहका प्रत्येक वडा कार्यालयबाट वडास्तर सामुदायिक प्रश्नावलीमार्फत वडाको आधारभूत स्रोत, साधन, पहुँच, क्षमता, पूर्वाधार र विपद्सम्बन्धी विवरण पनि सङ्कलन गरिने छ । सोही क्रममा घरपालुवा पशुपक्षीको विवरण पनि सङ्कलन हुनेछ । जनगणनाबाट वडास्तरसम्मको लैङ्गिक तथा समावेशी तथ्याङ्क प्राप्त हुने भएकाले विकास निर्माणका काम तथा लक्षित वर्गका कार्यक्रम तर्जुमा गर्न तथा नीति र योजना बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यस्तै बाटोघाटो, पुल, विद्यालय, उद्योगधन्दा, स्वास्थ्य सेवा, खानेपानी, बिजुली, सिँचाइ, खाद्यान्न आपूर्ति, बसोबासको व्यवस्था, विकास बजेटको बाँडफाँट, सामाजिक सुरक्षा कार्यक्रम तर्जुमा र मानव विकास प्रक्रियामा पछाडि परेका समुदायको उत्थानका कार्यक्रम सञ्चालन गर्न तथा संविधानको मौलिक हकलगायत अन्य हकको कार्यान्वयन र मूल्याङ्कन गर्न आवश्यक तथ्याङ्क प्राप्त हुने हुँदा जनगणनाको महत्व छ । जिल्लामा ९१ हजार घरपरिवार सूचीकृत गरिएको छ । जनगणनाको पहिलो चरण अन्तर्गत गत भदौ ३० देखि असोज १८ गतेसम्म गरिएको गणनामा जिल्लाका ९१ हजार घरपरिवार सूचीकृत गरिएको हो ।

## जुवाखालबाट नगद रु १२ लाख ४३ हजारसहित १५ जना पक्राउ

भक्तपुर । प्रहरीले जुवाखालबाट नगदसहित १५ जनालाई पक्राउ गरेको छ । गए राति चाँगुनारायण नगरपालिका ८ सुडाल पुरीगाँउस्थित मणिराम पुरीका घरमा जुवा खेलिरहेका अवस्थामा महानगरीय प्रहरी परिसर भक्तपुरबाट प्रहरी निरीक्षक लोकबहादुर जिसीको कमाण्डमा गएको टोलीले उनीहरुलाई पक्राउ गरेको हो । प्रहरी परिसरका प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी दीपक गिरीले जुवातास खेलिरहेको जानकारी आएपछि गएको टोलीले पुरीका घरमा छापा मार्दा जुवातास खेलिरहेका अवस्थामा नगद रु १२ लाख ४३ हजार ७८० सहित १५ जनालाई पक्राउ गरेको जानकारी दिनुभयो ।

उहाँका अनुसार पक्राउ पर्ने जुवातास खेलाउने घरधनी ५२ वर्षीय मणिराम पुरी , जुवा खोल्ने २५ वर्षीय सुशील खत्री, २८ वर्षीय चन्द्रशेखर खत्री, ३३ वर्षीय नवराज खत्री, ५१ राजन कार्की, ४२ वर्षीय चिरञ्जीवी फुँयाल, ३० वर्षीय जनक खत्री, ४३ जीवन श्रेष्ठ, ३७ वर्षीय परमेश्र थापा, ३८ वर्षीय प्रेमकुमार विक, ४५ वर्षीय सरोज भण्डारी, ३९ विनोद तिमिल्सिना, ३५ वर्षीय विकास लामा, ३८ वर्षीय रुपेश न्याजु र काठमाडौं गोकर्णेश्वर नगरपालिका २ नयाँपाटीका ५० वर्षीय रामु भण्डारी छन् ।

## प्रधानन्यायाधीश.....

छलफल गरेका थिए । न्यायाधीश बिचको छलफलपछि भने सर्वोच्चमा बन्दिप्रत्यक्षीकरणका मुद्दा हेर्न सुरु भएको छ । तर त्यसका लागि पनि न्यायाधीशहरुले कडा शर्त राखेका छन् । प्रधानन्यायाधीश राणाको इजलास बस्न नहुने र अन्य मुद्दा पेश तोक्न नहुने अडान छ । अन्य मुद्दा पेशी तोकेका दिन कुनै पनि इजलास बसेका छैनन् । प्रधानन्यायाधीश राणाले सरकारसँग भाग खोजेर न्यायालयलाई बदनाम गराएको भन्दै सर्वोच्चमा आन्दोलन भइरहेको हो ।

## राप्रपा.....

तयारीका लागि विभिन्न नौ समिति गठन गरी सम्बन्धित नेतालाई जिम्मेवारी तोकेको छ । गठन गरिएका समितिमा सामाजिक कार्यपत्र तयारी समिति, आर्थिक कार्यपत्र तयारी समिति, राजनीतिक कार्यपत्र तयारी समिति, कार्यक्रम तथा व्यवस्थापन समिति, भोजन व्यवस्था समिति, स्वास्थ्य समिति, प्रचारप्रसार समिति, स्वागत समिति र स्वयंसेवक परिचालन समिति छन् । सक्रिय सदस्यको नामावली पार्टीको वेबसाइट तथा जिल्ला पार्टी कार्यालयमा राखी सार्वजनिक गर्नुपर्ने छ भने अन्तिम नामावली ३० गते प्रकाशन गर्न निर्वाचन समितिलाई जिम्मेवारी दिइएको छ ।

## नेपालको.......

बढेको छ,' कम्पनीले भनेको छ । प्याकेजिङ परिवर्तन भएपनि ब्लेण्ड र स्वादमा भने कुनै परिवर्तन गरिनेछैन । नयाँ प्याकेजिङसहितको खुकुरी रम तिहार र छठपछि बजारमा आउनेछ । कम्पनीका अनुसार २० वर्ष पुरानो कम्पनीको प्याकको डिजाइनबाट हुने उत्पादनहरु एक महिनाअघि नै बन्द भइसकेका छन् । कम्पनीका अनुसार नेपालबाहेक १३ वटा अन्य देशमासमेत प्याकेजिङ एकैसाथ परिवर्तन हुन लागेको हो ।

खुकुरी रमको वर्षौंदेखिको मौलिक प्याकेजिङलाई ग्राहकको आकांक्षा अनुरुप परिस्कृत गर्दै तयार पारिएको नयाँ प्याकेजिङले स्थानीय र विश्व बजारका ग्राहकहरुको मन जित्ने विश्वास कम्पनीका महाप्रबन्धक शुभाष लामिछानेले व्यक्त गरे । 'प्याकेजजिङ परिवर्तन भएपनि गुणस्तर र रम पिउँदा हुने अनुभूतिमा कुनै फरकपना नआउनेमा विशेष ध्यान दिइएको छ,' उनले भने । कम्पनीका अनुसार नयाँ प्याकको लञ्चिङ भने अनलाइनमार्फत् हुनेछ ।

## हिन्दू....

जुन जुन धर्म मानेपनि नेपाली संस्कृतिमा सदभाव, एकता, धार्मिक सहिष्णुता भएको पाइन्छ । यो नेपलीहरुको मौलिक पन हो ।

## कथा....

उठिबास लगायौ हाम्रो । एक बित्ता जमिन माग्दा गोलीको उपहार दियौ । हामी सदियौँदेखि मूर्ख बन्यौं, बनाइयौं ! अब सधैं मूर्ख बन्ने पक्षमा छैनौं । हामीले युगौंदेखि कन्दमुल खाँदै गुजारा चलायौँ, अब पनि चलाउँछौँ । कृपया यी बोरा लगेर तिम्रा 'अघोरी बाबा'का हातमा राखिदेऊ ।' चम्पाकलीले चोटिलो जवाफ फर्काई ।

'त्यसो नभन्नुस् । हिँजो जे भयो-भयो । अब त्यस्तो हुनेछैन । हामी निर्वाचनपछि जंगल-जंगलमा बाँदर आश्रम बनाउनेछौं । सीमान्तकृत बाँदर प्रजातिका निम्ति विशेष व्यवस्था गर्नेछौं !' अगुवा कार्यकर्ताले सम्झाउने थप प्रयास गरे ।

'हामीले आजसम्म ककसको उपकार गरेनौं ? रामायण साक्षी छ, नल र नील नामका दुई बानर दाजुभाइले समुद्रमा पुल बाँधे । समग्र बानर सेना लंका विजयका लागि कूच गर्यो । वडा जिजु बराजु हनुमानले रामका लागि लंका दहन गरे । लंका विजयबाट फर्केका राम गद्दीमा बसे । तर हाम्रा पुर्खाले रूखको हाँगामा रात बिताए ! आँधी-तूफान आउँदा पनि रूखमा । मुसलधारे वर्षा हुँदा पनि रूखमा । उनीहरू रूखमा जन्मे, रूखमैं हुर्के, रूखमैं मरे !

डमरूको डमडम, घुंघरूको छमछममा मदारीका निम्ति नाच्नुनाच्यौं हामी । ताकि कुनै दिन हाम्रो पनि ओत लाग्ने छानो हुनेछ । चोट लाग्दा मल्हम-पट्टी गर्न कोही आउनेछ । मिल्यो त केवल घात, प्रतिघात र आघात !

एक घोगा मकैको निहुँमा कुटिन्छौं हामी, मारिन्छौं हामी ! हाम्रा काखे नानीहरू कैयौं दिन निराहार रहन विवश भए । फेरि पनि बाँदर जाति युगौंदेखि जीवित रह्यो । हामीलाई केवल आशाले बचायो । आशा नहुँदो हो त बाँदरजाति पृथ्वीबाट उहिल्यै लोप हुनेथियो ! बाँदरजातिलाई बिकाउ माल सम्झिने भुल नगर्नुहोला । हामी भोको रहन तयार छौं तर भोटका लागि आफूलाई बेच्दैनौं । खाद्यसामाग्रीका बोरा फिर्ता लानुभए हुन्छ ।' चम्पाकलीलले गतिलो दनक दिई । ऊ बोल्दाबोल्दै भावुक भई । चम्पाकलीका आँखाबाट आँशु का बुँद खस्न थाले । ऊ भक्कानिएर रून थाली । भोट माग्न गएका कार्यकर्ता निराश हुँदै फर्किए । लेखकलाई पनि यसपालिको चुनावले रत्तिभर छोएको छैन । आफूले लेखेको कथा अज्ञात भविष्यको सुरुङभित्र प्रवेश गर्न लागेकामा तनावग्रस्त देखिन्छ ऊ ।

# नवनियुक्त मुख्यमन्त्री शाहीलाई मन्त्रिपरिषद् विस्तारमा सकस

कर्णालीका नवनियुक्त मुख्यमन्त्री जीवनबहादुर शाहीलाई मन्त्रिपरिषद् गठन गर्न सकस हुने देखिएको छ । नेकपा माओवादी केन्द्र, नेपाली काँग्रेस र नेकपा एकीकृत समाजवादी पार्टीको गठबन्धन सरकार बन्ने भए पनि कुन दलबाट कति मन्त्री बनाउने भन्नेबारे सहमति भइनसक्दा मुख्यमन्त्री शाहीले तिहारपछि मात्रै मन्त्रिपरिषद् विस्तार गर्ने भएका छन् । मुख्यमन्त्री शाहीले गत मंगलबार पद तथा गोपनीयताका शपथ लिएका हुन् । त्यतिबेला नै मन्त्रीहरु नियुक्त गरेर शपथ हुने आँकलन गरिएको थियो । मुख्यमन्त्री शाहीको शपथ ग्रहण कार्यक्रमको ब्यानरमा समेत 'मुख्यमन्त्री तथा मन्त्रीहरुको शपथ ग्रहण कार्यक्रम' लेखिएको थियो । तथापि, मन्त्रीको नियुक्ति हुन सकेन । बिहीबारसम्म नवनियुक्त मुख्यमन्त्री शाही मन्त्रिपरिषद् विस्तारका लागि सहयात्री दलहरुसँग छलफल गर्नुभन्दा पनि शुभकामना र बधाई थाप्नमै व्यस्त छन् । काँग्रेस संसदीय दलका प्रमुख सचेतक हिमबहादुर शाहीले मन्त्रिपरिषद् तिहारपछि नै विस्तार हुनसक्ने जनाए । उनले भने, 'सायद तिहारपछि नै मन्त्रिपरिषद् विस्तार हुन्छ होला । मलाई सबै कुरा त थाहा भएन ।' यो गठबन्धन सरकारमा सबैन्भदा ठुलो दलको रुपमा नेकपा माओवादी छ । स्रोतका अनुसार माओवादीले चारवटा मन्त्रालयको दाबी गरेको छ । यस्तै सबैभन्दा सानो दलको रुपमा रहेको नेकपा एकीकृत समाजवादीले आफ्ना तीन जना सांसदलाई नै मन्त्री बनाउने निर्णय गरिसकेको छ । किनकि वैशाख ३ मा तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले विश्वासको मत लिँदै गर्दा तीन जनाले मन्त्री पाउनुपर्ने सहमति भएको थियो । त्यही सहमति अनुसार तत्कालीन एमालेका चारजना सांसदले 'फ्लोर क्रस' गरेर विश्वासको मत दिएका थिए । अहिले उनीहरु सबै एकीकृत समाजवादीमा आवद्ध छन् । सो पार्टीका संसदीय दलका नेता चन्द्रबहादुर शाहीले हिजो (वैशाख ३)मा जे सहमति भएको थियो, त्यही अनुसार आफू अगाडि बढ्ने रातोपाटीलाई जानकारी दिए । 'हाम्रो पार्टीले त्यही निर्णय गरेको छ,' उनले भने, 'यद्यपि, मुख्यमन्त्री र गठबन्धन दलहरुबीच त्यस्तो कुनै छलफल भएको छैन ।' सरकारको नेतृत्व गरेको काँग्रेसले मुख्यमन्त्री सहित २ मन्त्रालय लिन चाहेको छ । यसो भएको खण्डमा चारवटा मन्त्रालय माओवादी, तीन वटा समाजवादी र २ मन्त्रालयसहित मुख्यमन्त्री काँग्रेसले लिँदा मन्त्रिपरिषद् सदस्य संख्या धेरै हुन्छ ।

# व्यासको आन्तरिक आम्दानी १५ करोड

तनहुँ । तनहुँको व्यास नगरपालिकाले रु १५ करोड भन्दा बढी आन्तरिक आम्दानी गरेको छ । नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ मा रु १५ करोड चार लाख १७ हजार ७१० आन्तरिक आम्दानी गरेको हो । उक्त अवधिमा रु २० करोड ४७ लाख आन्तरिक आम्दानी गर्ने लक्ष्य भए पनि कोरोना कहरका कारण लक्ष्य अनुसारको आन्तरिक आम्दानी हुन नसकेको व्यास नगरपालिकाका प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिए । व्यास नगरपालिका जिल्लाका स्थानीय तहमध्ये सबैभन्दा बढी आन्तरिक आम्दानी गर्ने पालिका हो । कनगरपालिकाले सम्पत्ति, मालपोत, घरबहाल कर, प्राकृतिक स्रोतसाधन लगायतबाट आन्तरिक आय सङ्कलन गर्दै आएको छ । नगरपालिकाले सबैभन्दा बढी प्राकृतिक स्रोतसाधनबाट रु पाँच करोड २५ लाख ३७ हजार ४० सङ्कलन गरेको छ । नगरपालिकाले प्राकृतिक स्रोतसाधनबाट रु नौ करोड ८० लाख आन्तरिक आय हुने लक्ष्य राखेको थियो । सम्पत्तिकर रु एक करोड १४ लाख २० हजार ७८४, मालपोतबाट रु ५३ लाख ४६ हजार ९२७, घरबहालबाट रु ७५ लाख ९६ हजार ४२५, घरभाडा करबाट रु एक करोड ६५ लाख ९८ हजार ६२२, मेसिनरी उपकरणबाट रु ५९ हजार ३००, लिलाम बिक्रीबाट रु २४ हजार, मिलापत्रबाट रु २२ हजार ५२०, सिफारिसबाट रु एक करोड २८ लाख पाँच हजार दुई २१६, विविध फारमबाट रु दश लाख दुई हजार ७८१, अन्य प्रशासनिक सेवाबाट रु ६८ लाख ३७ हजार ६३७, सवारी पार्किङबाट रु आठ लाख १७ हजार ९० सङ्कलन गरेको छ । घरनक्शा पासबाट रु एक करोड ४१ लाख ५२ हजार २३०, नाता प्रमाणितबाट रु दुई लाख ६७ हजार ७३५, अन्य विविधबाट रु चार लाख ८६ हजार १२० र दर्ता र नवीकरणबाट रु १९ लाख ३३ हजार एक सय सङ्कलन भएको छ । त्यस्तै दण्डजरीवानाबाट रु छ लाख १५ हजार एक सय ४१, धरौटी सदरस्यबाट रु १६ लाख ३४ हजार ६१९, सरसफाइबाट रु ६५ लाख ७३ हजार ४८९, स्थानीय वातावरण शुल्कबाट रु ७६ लाख ५९ हजार २३७, व्यवसाय करबाट रु १८ लाख ९८ हजार १०२ सङ्कलन भएको छ । नगरपालिकाले सम्पत्ति करमा लक्ष्यभन्दा बढी राजश्व सङ्कलन गर्न सफल भएको छ ।

# सत्तारुढ दलहरुले बनाए ११ सदस्यीय समन्वय समिति

काठमाडौं । सत्तारुढ दलहरुले सरकार सञ्चालनमा सहयोग गर्न ११ सदस्यीय समन्वय समिति बनाएका छन् । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका शीर्ष नेताहरुको सोमबार बसेको बैठकले ११ सदस्यीय समन्वय समिति बनाएको हो । समन्वय समितिमा प्रधानमन्त्री शेरबहादुर देउवा सदस्य छैनन् । तर उनले आफू हरेक बैठकमा आउने बताएका छन् । समितिमा सत्तारुढ गठबन्धनमा रहेका सबै दलबाट २-२ जना सदस्य रहनेछन् भने सरकारका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की छन् । समितिमा सरकारको नेतृत्वकर्ता दल कांग्रेसबाट वरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्ण सिटौला सदस्य तोकिएका छन् । माओवादी केन्द्रबाट पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीबाट माधवकुमार नेपाल र जनता समाजवादी पार्टी (जसपा) बाट उपेन्द्र यादवको नाम दिइएको छ । तीनै दलले एक(एक जना सदस्यको नाम दिने बाँकी रहेको माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ प्रकाशले जानकारी दिए । यस्तै राष्ट्रिय जनमोर्चाबाट चित्रबहादुर केसी र दुर्गा पौडेल सदस्य छन् । समन्वय समितिको बैठकको संयोजन हरेक पार्टीले दुई(दुई महिना गर्ने छ । त्यसअनुसार पहिलो बैठकको संयोजन कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले गर्नेछन् । न्यूनमत साझा कार्यक्रमको कार्यान्वयन गर्न सरकारलाई सहयोग गर्नु, राष्ट्रियताको रक्षा, संविधान र लोकतन्त्रको रक्षा तथा संस्थागत सुदृढिकरण, सुरक्षा, सुशासन, सेवा, विकास र संविधानअनुसार हुने चुनाव सफलतापूर्वक सम्पन्न गर्नु समन्वय समितिको काम भएको माओवादी नेता श्रेष्ठले बताए । सत्तारुढ दलहरुबीच गठबन्धनको भूमिकालाई प्रभावकारी बनाउन दलीय समन्वय समिति बनाउने सहमति भएको थियो । तर निर्णय कार्यान्वयन नभएपछि माओवादी केन्द्रका नेता श्रेष्ठले केही दिनअघि मात्र प्रश्न उठाएका थिए ।

# भाषा परीक्षामा उतीर्ण १० हजार कामदार कोरिया जान पाउने

काठमाडौं । कोरियाले विगत २ बर्ष देखि बन्द रहेको रोजगार अनुमति प्रणाली (ईपीएस) खुलाउने भएको छ । कोभिड(१९ महामारीका कारण पछिल्लो समय बन्द भएको ईपीएस प्रणाली मंसिरदेखि खुल्ला गरिने भएको हो । योसँगै भाषा परीक्षा उतीर्ण भएका १० हजार भन्दा धेरै नेपाली कामदार कोरिया जाने प्रक्रिया अब अगाडी बढ्ने भएको हो । एक साता अघि मात्र कोरियाले कमिटेड कामदार लगेको थियो । दक्षिण कोरियाली सरकारले कोरोना महामारीका कारण २० महिनादेखि रोकिइरहेका रोजगार अनुमति प्रणाली ईपीएस अन्तर्गतका कामदारलाई नोभेम्बरको अन्तिम सातादेखि लैजाने भएको छ । यहाँको श्रम मन्त्रालयले शुक्रबार जारी गरेको नयाँ निर्णय अनुसार ईपीएसमार्फत कोरिया आउने १६ वटै देशबाट कामदार ल्याउन लागिएको हो । लामो समयदेखि कोरियामा ईपीएस अन्तर्गत नयाँ कामदार आएका छैनन् । नेपाल लगायतका केही देशबाट कमिटेड कामदार नगन्य मात्रामा आएको भएपनि लामो समयदेखि विदेशी कामदार नआउँदा यहाँको कृषि र उत्पादनमूलक क्षेत्रमा कामदारको अभाव रहँदै आएको छ ।

# विवेकशील साझाको १२४ सदस्यीय केन्द्रीय समिति आयोगमा अद्यावधिक

काठमाडौं । विवेकशील साझा पार्टीले नयाँ विधान र केन्द्रीय समिति सदस्य १२४ सदस्यीय हुने विषय निर्वाचन आयोगमा अद्यावधिक गरेको छ । पार्टीका प्रवक्ता शरदराज पाठकले जानकारी दिएअनुसार कात्तिक ११ मा बसेको केन्द्रीय समिति बैठकले पारित गरेका विषयलाई आयोगमा अद्यावधिक गरिएका छन् । रवीन्द्र मिश्रको अध्यक्षतामा बसेको बैठकले नयाँ विधान र केन्द्रीय सदस्य संख्या १२४ बनाउने निर्णय गरेको थियो। विवेकशील र साझा पार्टी एकीकरण हुँदा १३० सदस्यीय केन्द्रीय कमिटी बनाउने उल्लेख थियो । नयाँ विधान र केन्द्रीय समिति सदस्यबारे आयोगलाई पत्राचार गरेर जानकारी गराइएको र बुधबार आयोगले अद्यावधिक गरिसकेको प्रवक्ता पाठक बताउँछन् । उनकाअनुसार अब पार्टीको कामकारबाही अघि बढाउन कुनै कानुनी अवरोध हुने छैन । अध्यक्ष मिश्रले फरक मत राख्नेहरूलाई केन्द्रीय समितिले गरेको निर्णय र आयोगको निर्णय सम्मान गर्न आग्रह गरेको प्रवक्ता पाठक बताउँछन् । विवेकशील साझामा अध्यक्ष मिश्र र संयोजक मिलन पाण्डे छन्। संयोजक पाण्डेले भने मिश्रलाई एकलौटी हिसावले केन्द्रीय समिति बैठक गर्ने अधिकार नभएको बताइरहेका छन् । संघीयता खारेजी र धर्मनिरपेक्षतामा जनमतसंग्रहबारे मिश्रले राखेको प्रस्ताव उनीपक्षका केन्द्रीय सदस्यहरूले पारित गरेका थिए भने उक्त बैठकमा पाण्डे पक्षका केन्द्रीय सदस्य उपस्थित थिएनन् । पछिल्लो समय अध्यक्ष मिश्र र संयोजक पाण्डे पक्षबीच विवेकशील साझा पार्टीभित्र एक(अर्को प्रस्ताव ल्याउने र भिन्नभिन्न केन्द्रीय समिति बैठक बस्ने गरेको छ । संयोजक पाण्डे पक्षको केन्द्रीय समिति बैठकले पार्टी प्रवक्ता नै परिवर्तन गर्ने निर्णय गरेका थिए ।

# अन्तराष्ट्रिय समाचार

## दक्षिण नाइजेरियाको विद्यालयमा आगलागी, २६ जनाको मृत्यु

एजेन्सी । दक्षिणी नाइजेरियामा रहेको एक विद्यालयमा आगलागी हुँदा कम्तीमा २६ जना विद्यार्थीको मृत्यु भएको छ । मराडी सहरमा पराल र काठबाट बनेको कक्षाकोठामा आगलागी हुँदा १३ जना घाइते भएका छन् । घाइतेमध्ये ४ जनाको अवस्था गम्भीर रहेको बीबीसीले जनाएको छ । आगलागीमा परेर मृत्यु हुने ५ र ६ वर्ष उमेर समूहका बालबालिका रहेका छन् । यसअघि गत अप्रिलमा नियामीको एक मजदुरहरुको बसोबास रहेको जिल्लाको एक विद्यालयमा भएको आगलागीमा परि २० जना बालबालिकाको मृत्यु भएको थियो । घटनाप्रति दुख व्यक्त गर्दै राष्ट्रपति मोहम्मद बाजुमले तत्काल काठको संरचनाहरू प्रतिस्थापन गर्ने प्रतिवद्धता जनाउनुभएको छ । नियामी आगलागी पछि पराल र काठ कक्षाकोठाको खतरा बारे अधिकारीहरूलाई सचेत गराएको भएपनि उनीहरुको वेवास्ताका कारण उक्त दुर्घटना भएको नाइजर टिचर्स युनियनले जनाएको छ । नाइजर, संसारको सबैभन्दा गरिब देशहरू मध्ये एक हो, जसले विद्यालय भवनहरूको अभावलाई हटाउने प्रयास गरिरहेको छ ।

## पोल्याण्डको सिमानामा हजारौं आप्रवासीको लाइन

एजेन्सी । युरोपेली मुलुकहरुमा प्रवेश गर्न चाहने हजारौं आप्रवासी पोल्याण्डको सिमानामा भेला भएका छन् । बेलारुस हुदै पोल्याण्डतर्फ अघि बढिरहेका आप्रवासीहरु पोल्याण्डको पूर्वी सिमानामा भेला हुने क्रम जारी छ । आप्रवासीहरुलाई रोक्न पोल्याण्ड सरकारले १२ हजार भन्दा बढी सैनिक परिचालन गरेको छ भने बेलारुसंगको सिमाना बन्द गरेको छ । आप्रवासीहरुले सिमानामा लगाइएको काँडेतारको बार तोड्ने कोशिस गरिरहेको भिडियो सार्वजनिक भईरहेका छन् । त्यसरी जबर्जस्ती पोल्याण्ड छिर्न चाहने आप्रवासीहरुमा अधिकांश खाडी र एशियाली मुलुकका भएको जनाइएको छ । पोल्याण्डले बेलारुसमाथि आप्रवासीहरुलाई पोल्याण्ड जान प्रोत्साहित गरेको आरोप पनि लगाएको छ । पोल्याण्ड मात्रै नभई लिथुआनिया र लाट्भियाले पनि बेलारुसमाथि आप्रवासीहरुलाई सिमानातर्फ पठाएको आरोप लगाएका छन् । युरोपेली युनियनको नाकाबन्दी खेपिरहेका बेलारुसका राष्ट्रपति अलेक्ज्यान्डर लुकासेन्कोले आप्रवासीहरुको ओइरोलाई अन्य देशतर्फ पठाईरहेको आरोप युरोपेली युनियनले लगाएको छ । पोल्याण्डले आप्रवासी र शरणार्थीहरुलाई रोक्नका लागि सिमानामा कठोर कदमहरु चालेकाले सिमानामा भेला भएका आप्रवासीहरुको सुरक्षाको प्रश्न पनि उठेको छ । जिरो डिग्रीको चिसोमा जंगल क्षेत्रमा कैयौं आप्रवासीहरु अलपत्र परेको र आवश्यक तातोको अभावमा कैयौंको ज्यान गईसकेको अनुमान पनि गरिएको छ । विभिन्न देश हुदै बेलारुप पुगेका आप्रवासीहरुले सामाजिक सञ्जाल मार्फत समूह बनाएर पोल्याण्ड छिर्न सिमानातर्फ आएको बताएका छन् । उता, लिथुवानिया सरकारले आप्रवासीको ओइरो लाग्ने देखिएको भन्दै सिमा क्षेत्रमा संकटकाल लागू गर्दै बेलारुसंगको सिमानामा सेना पठाएको छ ।

## न्युजिल्याण्डमा इच्छा मृत्युवरण गर्न पाउने कानुनी व्यवस्था लागु

एजेन्सी । न्युजिल्याण्डमा 'इच्छा अनुसार मृत्यु वरण गर्न पाउने कानुनी व्यवस्था लागू भएको छ । योसँगै न्युजिल्याण्ड इच्छा-मृत्युलाई कानुनी मान्यता दिने मुलुकको सूचीमा समावेश भएको छ । यसअघि स्विट्जरल्यान्ड, नेदरल्यान्ड, स्पेन, बेल्जियम, लग्जमबर्ग, क्यानाडा, अस्ट्रेलिया र कोलम्बियाले इच्छा मृत्युलाई कानुनी मान्यता दिइसकेका छन् । तर यी देशमा स्वेच्छाले मर्न चाहनेका लागि फरक फरक नियम र सर्त बनाइएको छ । न्युजिल्यान्डमा इच्छा मृत्युका लागि गम्भीर रोगका कारण चिकित्सकले ६ महिना भन्दा बढी बाँच्न नसक्ने भनि प्रमाणित गरेका व्यक्तिमा मात्र लागू हुने बीबीसीले जनाएको छ । न्युजिल्याण्डमा हालै इच्छा मृत्युका विषयमा भएको जनमत संग्रहमा ६५ प्रतिशतभन्दा बढी मत यस कानुनका पक्षमा आएको थियो । इच्छा मृत्युलाई कानुनी मान्यता दिने कि नदिने भन्ने विषयमा न्युजिल्याण्डमा लामो समयदेखि बहस भइरहेको थियो ।

## जलवायु सम्मेलनमा जैविक इन्धनका पक्षधरकै बाहुल्यता रहेको खुलासा

एजेन्सी । स्कट्ल्याण्डको ग्लास्गो शहरमा जारी जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसंघीय सम्मेलन कोप २६ का सहभागीहरुमा जैविक इन्धनका पक्षधरहरुको बाहुल्यता रहेको खुलासा भएको छ । सम्मेलनमा सहभागी हुनेहरुको अध्ययन गरेको ग्लोबल विट्नेस नामक संस्थाले जैविक इन्धन उद्योगसँग सरोकार राख्नेहरु ठूलो संख्यामा प्रतिनिधिहरुको रुपमा सहभागी भएको जनाएको हो । सो संस्थाका अनुसार जैविक इन्धन उद्योग वा त्यससँग जोडिएका ५ सय ३ जना सहभागी भएका छन् । तेल तथा ग्यास इन्धन र ती उद्योगहरुको पक्षमा वकालत गर्न उनीहरु त्यहाँ पुगेको पाइएको छ । जैविक इन्धनका पक्षधहरु ठूलो संख्यामा सम्मेलनमा पुगेको खुलासा भएपछि वातावरण पक्षधरहरुले उनीहरुलाई प्रतिबन्ध लगाउनु पर्ने माग गरेका छन् । जलवायु परिवर्तनमा जैविक इन्धन कारक रहेको अस्वीकार गर्ने पक्षहरुको चलखेलले यो समस्या झन झन विकराल बन्दै गएको अभियन्ताहरुको दाबी छ । उनीहरुकै दबाव र प्रभावका कारण राष्ट्रसंघीय जलवायु सम्मेलन शुरु भएको २५ वर्ष पुग्दा पनि उत्सर्जन कटौतीमा ठोस प्रगति हुन सकेको छैन । कोप(२६ मा झण्डै ४० हजार मानिस सहभागी रहेकोमा ब्राजिलबाट सवैभन्दा धेरै ४७९ जना सहभागी भएका छन् । यस्तै जैविक इन्धन उद्योगको पक्षमा वकालत गर्नेहरुमा केही क्यानडा र रुसका पनि रहेका छन् ।

## रुसमा एकैदिन ३९ हजारलाई कोरोना संक्रमण

एजेन्सी । रुसमा गएको २४ घण्टामा ३९ हजार बढी नागरिकमा कोरोनाको संक्रमण देखिएको त्यहाँका स्वास्थ्य अधिकारीहरुले जानकारी दिएका छन । साथै यो अवधिमा यहाँ ११ सय ७९ जनाको ज्यान गएको छ । सरकारी तथ्यांकअनुसार करिब ८८ लाख मानिसमा यस्तो संक्रमण देखिएको छ । रुसमा अहिलेसम्म २ लाख ४६ हजार ८ जनाको ज्यान गएको छ । रुसमा कोरोना भाइरसबाट हुने मृत्युदर २ दशमलव ८१ प्रतिशत रहेको समाचारमा जनाइएको छ । राजधानी मस्को सहरमा पछिल्लो २४ घण्टामा करिब पाँच हजार जनामा सङ्क्रमण देखिएको छ । यसैगरी जापानमा कोभिड-१९ बाट मृत्यु हुनेको संख्या शून्यमा झरेको छ । स्थानीय सञ्चारमाध्यमले दिएको जानकारीअनुसार आइतबार कोभिड-१९ संक्रमणको कारण मृत्यु हुनेको संख्या शून्यमा पुगेको हो । सन २०२० पछि पहिलोपटक जापानमा कोभिड-१९ संक्रमणबाट मृत्यु हुनेको संख्या शून्यमा झरेको हो ।

# कथा : अनि चम्पाकली रून्छे



प्रकाश तिवारी

रातले अन्धकारको पर्दा हटाइसकेको थिएन । सूर्यले धर्तीसम्मको यात्रा तय गर्न एक घण्टा बाँकी थियो । सहर शनैःशनैः निद्राबाट ब्यूँझने तरखरमा रहेझैं लाग्दथ्यो । सडकमा फाट्टफुट्ट सवारीसाधन र पैदलयात्री ओहोरदोहोर गरेका देखिन्थे ।

सिन्धुपाल्चोकबाट आएर सडकपेटीमा चिया बेचिरहेको घनश्याम छिनछिनमा कराइरहन्थ्यो- खानुस् हजुर खानुस्, तातोतातो चिया खानुस् ।

परबाट काँधमा बोरा झुण्ड्याएको झुत्रेझाम्रे मानिस दृष्टिपटमा प्रकट भयो । त्यस मानिसका पाइला असन्तुलित थिए । सायद उसलाई गएराति पिएको रक्सीको नशा उत्रिसकेको थिएन । एक हुल कुकुरहरू उसलाई देखेर जोडतोडले भुक्न लागे । ऊ उल्टै कुकुरलाई निर्देशन दिन थाल्यो-

'चूप लाग्, तिमीहरू पनि गरिब, म पनि गरिब !'

कुकुरहरू झनै जोडले भुके । ऊ बोल्न छोडेन ।

'धनी भएको भए तिमीहरू महलमा हुन्थ्यौ । मासुभात डकारेर बस्थ्यौ । तिमीहरूका र मेरा कथा एउटै छन्, व्यथा एउटै छन् ! आओ, म तिमीहरूलाई गीत सुनाउँछु ।'

शीतल पऱ्यो छाया, शीतल पर्यो छाया

गरिबले गरिबलाई गर्नुपर्छ माया

कुकुरहरू ठाडै जाइलागे । झुत्रेझाम्रे मानिस ज्यान जोगाउन घनश्याम भएतिर दगुर्यो । घनश्यामले लाठो लिएर कुकुरहरूलाई लघार्यो ।

'सहरीया कुकुर न परे ! गाउँका कुकुर झुत्रेझाम्रे मानिस देख्दा पुच्छर हल्लाउँछन् । तर सहरका कुकुर' ! म सम्हाल्छु यिनलाई । जानुस् हजुर जानुस् ।' जाने इसारा दिँदै घनश्यामले भन्यो ।

मर्निङवाकमा थियो लेखक । ऊ डराइडराई अघि बढ्यो । पाँच मिनेटको यात्रापछि ऊ नयाँ टोलमा पुग्यो । उसको जम्काभेट हतारहतार पाइला चालिरहेको युवकसँग भयो ।

'अंकल ! त्यता नजानुस् । कुकुरहरूले सडकजाम गरिरहेका छन्', उसले भन्यो ।

'कसैलाई टोक्यो ?' सोध्यो लेखकले ।

'टोकेको त थाहा भएन । नजिक गयो कि ठाडै जाइलाग्छन् । लाग्छ त्यहाँ कुकुर विद्रोह भैरहेको छ !'

'म लेखक हुँ । पृथ्वीमा भएका स्थलचर, जलचर र उभयचरका कथा लेखेको छु । म कुकुरहरूलाई फकाउँछु । तिनका कथा-व्यथा, सन्तुष्टी-असन्तुष्टीलाई कहानी बनाएर लेख्ने आश्वासन दिन्छु । त्यति भनेपछि त कसो बाटो नदेलान् !'

'कुकुरले लेखक-सेखक चिन्दैनन् अंकल !' युवकको उक्त भनाइ लेखकीय दम्भप्रति दह्रो झापड थियो ।

मनुष्यजातिको विद्रोह देखे-सुनेको भएपनि लेखकका लागि कुकुर विद्रोह नौलो विषय थियो ! उसलाई कुकुरहरूको अनौठो विद्रोह हेरुँहेरुँ लाग्नथाल्यो । उसले सुस्तसुस्त पाइला अघि बढायो ।

लेखक कुकुरहरूभन्दा पचास-साठी मिटरको दूरीमा पुगेको थियो, कुकुरहरूले निषेधको नारा लगाउन सुरु गरे ।

दृष्य रोचक थियो । सडकभरि कुकुरै कुकुर । एउटा हृष्टपुष्ट कुकुर अग्लो ठाउँमा उभिएर भुकिरहेको थियो । बाँकी कुकुर उसको भुकाइ ध्यानपूर्वक श्रवण गरिरहेका थिए ।

लेखक घुमाउरो बाटो मोडिन बाध्य भयो । केहीबेरपछि फराकिलो चौबाटो आइपुग्यो । चौबाटो आसपासको दृष्य थप कौतुहलमय थियो । सयौं कुकुरहरू नारा-जुलुसको शैलीमा चोकतर्फ लम्किरहेका देखिन्थे ।

केही मिनेटभित्रै पाँच सय हाराहारी कुकुर चोकमा भेला भए । तीमध्ये आधा दर्जन कुकुर सडकभन्दा अग्लो स्थानमा विशिष्ट अतिथिको झल्को दिने गरी टुक्रुक्क बसे ।

'कतै मानिसमाथि हमला त कतै सडक जाम ! सडक आन्दोलनको रोग मानिसबाट कुकुरमा सर्न लागेको त हैन ? आज किन सबैतिर कुकुरहरूको आक्रामक उपस्थिति देखिन्छ ?' सोचमग्न भयो लेखक ।

ऊभित्र एकसाथ दर्जनौं प्रश्न जन्मिए । नयाँ कहानीको उत्कृष्ट विषयबस्तु भेटेकोमा खुसी पनि थियो ऊ ।

नारायणहिटी दक्षिण गेट अगाडि कुकुरहरूको विशाल उपस्थितिले आगमन बन्द भयो । धर्नामा झण्डै पाँच-सात हजार कुकुरहरूले भाग लिए

लेखक हेरिरहेको थियो । एउटा खाइलाग्दो कुकुर अग्लो स्थानमा उभिएर भुक्न सुरु गर्यो । उक्त कुकुरको घाँटीमा 'सरकारी सेवाबाट पदमुक्त' लेखिएको फित्ता झुण्डिएको थियो । त्यसबाट उक्त कुकुर भर्खरै-भर्खरै जागिरबाट बर्खास्त भएको तथ्य बुझ्न गाह्रो थिएन । भेलामा सहभागी अन्य कुकुरहरूले उसको भुकाइ चुपचाप सुन्न लागे ।

झलमल्ल उज्यालो हुन केही समय बाँकी थियो । लेखकको छेउमा अन्य दुई जना थपिए ।

त्यसमध्येको एक जना आफूलाई ओमकार नामले चिनाइरहेको थियो । ओमकार कुकुर भाष्यको जानकार हुँ भन्दथ्यो । कुकुर मनोविज्ञान र बडिल्याङ्ग्वेजबारे उच्चस्तरको तालिम पनि लिएको रहेछ उसले । प्रहरी सेवामा छँदा पन्ध्र वर्ष कुकुरसँग खाइखेलेको मान्छे हुँ भन्थ्यो । ऊ कुकुर सभा र नेता कुकुरको भाषणको बारेमा अर्थ्याउन लाग्यो-

'अग्लो स्थानमा उभिएर भुकिरहेको छ नि, ऊ कुकुरजातिको सर्वोच्च नेता हो । ऊ कार्यकर्तालाई भावी संघर्षका निम्ति तम्तयार रहन निर्देशन दिइरहेको छ । नेता भन्दैछ, अनिवार्य अवकास पाउन दुई वर्षमात्र बाँकी थियो । कपटपूर्ण बर्खास्तीमा परेँ म । मेरो बर्खास्ती सीमान्तकृत कुकुर जातिप्रतिको घोर अपमान हो ।

भनाइ छ, सत्ता सरकारको, सडक प्रतिपक्षको । शासक वर्ग हामीलाई सडकमा समेत चैनले बस्न दिने पक्षमा छैन । हाम्रा साथीहरू स्वतन्त्रतासाथ घुमफिर गर्न पाएका छैनन् । चित्त नबुझेका कुरा बोल्न पाएका छैनन् । हाम्रा असंख्य मित्रहरू राज्य आतंकको शिकार भएका छन् ।

तसर्थ हालसालै बसेको हाम्रो हाइकमाण्डको बैठकले इँटाको जवाफ पत्थरले दिने निर्णय लिएको छ । यो भेला त्यसैको सानो रिहर्सल हो । अब हामी छिटै निर्वाचन आयोग गई दल दर्ताका लागि निवेदन दिने छौँ । चुनावमा बहुमत ल्याई सिंहदरबार कब्जा गर्ने छौँ ।' ओमकारले भाषणानुवाद गर्दै सुनायो ।

सभा विसर्जन हुँदा झलमल्ल उज्यालो भइसकेको थियो । सभाको समापनपछि कुकुरहरू नारा जुलुसका साथ नारायणहिटी राजदरबार अगाडि चक्काजाम गर्न निस्किए ।

कुकुरहरू अघिअघि, लेखक र ओमकार पछिपछि । दुबै नारायणहिटी अगाडि हुने चक्काजामको अवलोकन गर्न गए ।

नारायणहिटी दक्षिण गेट अगाडि कुकुरहरूको विशाल उपस्थितिले आगमन बन्द भयो । धर्नामा झण्डै पाँच-सात हजार कुकुरहरूले भाग लिए । कुकुरजातिको सर्वोच्च नेताले राजा महेन्द्रको शालिकनेर उभिएर उत्तेजक भाषण दियो । प्रहरीले सडक खाली गराउन माइकिङ गर्न लागे तर कुकुरहरू टसकोमस भएनन् ।

'काठमाण्डौंको मुटुमा भुस्याहा कुकुरहरूको ताण्डव नृत्य ! सहरमा रेविज महामारीको सम्भावना' टेलिभिजन च्यानलले श्रव्यदृष्यसहित समाचार फुके ।

महलवासी एउटा कुकुरले टेलिभिजन समाचार हेरेको रहेछ । उसले समाचारमा प्रयुक्त शब्दावलीबाट कुकुर जातिको आत्मसम्मानमा ठेस पुगेको महसुस गर्यो । ऊ मल-मुत्र त्याग गर्ने बहानामा घरबाट निस्कियो अनि एकाएक जुलुसमा सामेल हुन पुग्यो ।

त्यस कुकुरले टेलिभिजनबाट प्रसारित समाचार साथीहरूलाई सुनायो । खबर एक कान, दुई कान हुँदै आम भुस्याहा कुकुरमाझ भाइरल भयो । टेलिभिजन आफूहरूप्रति पूर्वाग्रही भएकोमा कुकुरहरूले तीव्र असन्तुष्टी व्यक्त गरे । आक्रोशित कुकुरहरूको जुलुस टेलिभिजन स्टेसन घेराउ गर्ने उद्देश्य साथ अघि बढ्यो ।

टेलिभिजन स्टेशन अगाडि कुकुरहरूको भीडले पहरा दियो । नाराबाजी हुन थाल्यो । कुकुरहरूले विरोधस्वरूप टेलिभिजन स्टेसनको गेट, भित्ता र सडकमा मल-मुत्र, र्याल, खकार, सिंगान त्याग गरे ।

हातहतियारले सुसज्जित प्रहरी टोली आइपुगे । प्रहरीले भीड नियन्त्रण गर्न गोली चलायो । सडक रक्ताम्य भयो । अधिकारकर्मीहरूले गोलीकाण्डको कडा भत्सर्ना गरे ।

तितरबितर कुकुरहरूको एक समूहले माइतिघर मण्डला पुगेर कोण सभा गर्यो । सरकारी सेवाबाट अवकाश प्राप्त कुकुरले अर्को आक्रामक भाषण दियो-

'हामी धर्मराज युधिष्ठिरसँग स्वर्ग यात्रा गरेका जाति हौँ । यमराजका दूत हौँ । अन्तरिक्ष यात्रा गर्ने पहिलो जनाबर हौँ । हाम्रो साथी 'लाइका'ले अन्तरिक्ष अनुसन्धानमा पुर्याएको योगदान जीव इतिहासमा स्वर्ण अक्षरले लेखिएको छ । हाम्रो पूजा विना हिन्दूहरूको तिहार अधुरो रहन्छ ! तर पनि हाम्लाई हेप्ने ! कमजोर ठान्ने ? अब हामी दबिएर बस्ने पक्षमा छैनौं ।

हामी भोलि नै निर्वाचन आयोग गएर 'कुकुर बचाउ' नामको दल दर्ता गर्दैछौं । दर्तापछि संसदीय निर्वाचन लड्ने छौं । हाम्रो जीत अवस्यमभावी छ । हाम्रो सरकार त बनोस्, कुकुरमाथि गोली प्रहार गर्नेका हातमा हतकडी लगाउने छौँ ।' ऊ कुर्लियो ।

कुकुरहरू पर्सिपल्ट दल दर्ताको निवेदन लिएर निर्वाचन आयोग पुगे । तर निर्वाचन आयोगले 'पशुलाई राजनैतिक दल खोल्न दिने संवैधानिक तथा कानूनी व्यवस्था नभएको' देखाउँदै खालि हात फर्काइदियो ।

अधिकारकर्मीहरूले कुकुरहरूको पक्षमा थप ऐक्यबद्धता जनाए । उनीहरूले आयोगको निर्णय विरूद्ध सर्वोच्च अदालतमा रिट दायर गरे ।

सर्वोच्चमा गरमागरम बहस भयो । 'दल दर्ताबाट बञ्चित गर्नु संविधानको मर्म एवम् भावना विपरीत छ । निर्वाचन आयोगको निर्णय प्रथम दृष्टिमैं दुराशययुक्त र बदनियतपूर्ण देखिन्छ'.!' फैसला आयो ।

यसैबीच सत्तासीनहरूको आपसी मनमुटावका कारण संसदीय निर्वाचनको घोषणा भयो । एकातिर कुकुर हराउ पक्ष अनि अर्कोतर्फ कुकुर जिताउ समूह । चुनावमा गजबको ध्रुवीकरण देखापर्‍यो ।

निर्वाचन परिणामको आँकलन गरिरहेका संघ-संस्थाहरूले पब्लिक ओपिनियन रिपोर्ट सार्वजनिक गरे । प्रक्षेपणमार्फत 'कुकुर हराऊ र कुकुर जीताऊ पक्षबीच कडा प्रतिस्पर्धा हुने तथ्य सार्वजनिक भयो ।


प्रचारप्रसारको अन्तिम दिन कार्यकर्ताहरू भोट माग्न चम्पाकली नामकी बाँदर्नीकहाँ गए । चम्पाकली चल्तापूर्जा बाँदर्नीमध्येमा पर्दथी ।

कार्यकर्ताहरूले चम्पाकली बसेको रूखमुनि लगेर रोटी, बिस्कुट, पाउरोटी र फलफूलको बोरा बिसाए । लालाबालालाई मिठाई-चकलेट बाँडे ।

'तपाईंको एक भोटले देशको भाग्य बदल्ने तागत राख्छ । यसपालिको चुनावमा एक भोट हामीलाई ।' दुई हात जोड्दै कार्यकर्ताले भोट मागे ।

'हिँजोसम्म लघार्नु लघार्यौ हामीलाई ।

बाँकी ६ पृष्ठमा




# चिसोमा संक्रमणबाट बच्न न्यानो कपडा र खानपानमा ध्यान दिउँ

विष्णु पाण्डेय

काठमाडौं । चिसोयाम शुरु भएसँगै विभिन्न्न रोगले सताउने गर्दछन् । चिसोयाममा धेरै व्यक्तिले खानपानमा ध्यान नदिएका कारण विभिन्न रोग लिएर अस्पताल जाने गर्दछन् । निमोनिया, ज्वरो, रुघाखोकी टन्सिल, दम, मुटुको समस्या, जोर्निको दुखाई, पिनास जस्ता रोगहरु चिसोयाममा समस्याको रुपमा देखिने जनरल फिजिसियन डा. लोचन कार्कीले बताउनुभएको छ । खासगरी बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला, दीर्घरोगी र रोगप्रतिरोध क्षमता कम भएका व्यक्ति चिसोबाट बच्नुपर्ने उहाँ बताउनुहुन्छ । कार्कीका अनुसार चिसोयाममा सताउने रोगहरु निम्न छन् ।

ज्वरो, रुघाखोकी

जाडोयाममा रुघाखोकीले ज्यादै सताउने गर्दछ । जाडोयाम शुरु भएसँगै मौसममा आउने परिवर्तनका कारण ज्वरो र रुघाखोकीको समस्या देखिने कार्की बताउनुहुन्छ । राइनो भाइरस कुनै सङ्क्रमित व्यक्तिले खोक्दा ,बोल्दा, हाछ्यु गर्दा हावाका माध्यमबाट अर्को व्यक्तिमा सर्ने गर्दछ ।

जाडोमा यी भाइरस बढी सक्रिय रहने उहाँ बताउनुहुन्छ । यसले विशेषगरी बालक तथा वृद्धवृद्धालाई आक्रमण गर्दछ । रुघाखोकीलाई सामान्य रुपमा सोचेर वेवास्ता गरे निमोनिया पनि हुन सक्ने कार्की बताउनुहुन्छ ।

निमोनिया

निमोनियका बिरामी पनि जाडोयाम लागेसँगै धेरै देखिन्छन् । यो समयमा बालबालिका र वृद्धवृद्धा निमोनियाको उच्च जोखिममा हुन्छन् । धेरै ज्वरो आउने, थकान महसुस हुने, श्वास फेर्न गाह्रो हुनुनै निमोनियाका लक्षण हुन । फोक्सोसा संक्रमण भएपछि छाती दुख्ने र श्वासप्रश्वासमा समस्या आउने उहाँको भनाइ छ ।

पिनास

जाडोयाममा पिनासका बिरामी पनि बढी भेटिन्छन् । नाकको छेउमा हावाले भरिएको ठाउँ हुन्छ । चिसोका कारण नाकभित्रको पानी बाहिर निस्कन नसकी उक्त ठाउँमा बस्छ । यसरी पानी भरिएपछि नै पिनास हुने डा.कार्की बताउनुहुन्छ ।

छालाको एलर्जी

छालाको एलर्जीले पनि जाडोयाममा धेरैलाई दु:ख दिने गर्दछ । जाडोयाममा पानीको मात्रा कमी भएका कारण छाला सुख्खा हुने गर्दछ । जसका कारण छाला चिलाउने, ओठ फुट्ने, कुर्कच्चा फुट्ने, छाला चिलाउने जस्ता छालामा समस्या आउने डा. कार्की बताउनुहुन्छ ।

दम, मुटुरोग

दम, मुटुरोगका बिरामीलाई पनि जाडोयाम सुरु भएसँगै ज्यादै चिन्ता हुन्छ । विशेषगरी बृद्धबद्धालाई बढी सताउने गर्दछ । जाडोयाममा श्वासनलीहरु खुम्चने भएका कारण श्वास फेर्न समस्या हुने डा. कार्की बताउनुहुन्छ ।

बाथ, जोर्नी दुखाई

जाडोयाम शुरु भएसँगै बाथ र जोर्नीको दुखाई पनि धेरैलाई हुन्छ । जाडोयाममा शरीरभित्रको तापक्रम र बाहिरको तापक्रम फरक पर्ने भएका कारण जोर्नीको दुखाई हुने डा. कार्की बताउनुहुन्छ । जाडोयाममा बाथ रोगका बिरामी पनि बढी देखिन्छन् ।

टन्सिल

टन्सिल पनि चिसोयाममा धेरै निम्तने समस्या हो ।

चिसोका कारण हुने टन्सिलबाट बच्न तातो पानी, झोलिलो पदार्थको नियमित सेवन गर्नुपर्ने डा.कार्की बताउनुहुन्छ ।

धेरै रोगको उपचार खानपान नै

जर्नल फिजिसियन डाक्टर लोचन कार्कीले जनाएअनुसार जाडोयाममा देखिने धेरै रोगका समाधानको उपाय भनेको नै खानपानमा ख्याल गर्नु हो । जाडोयाममा तातो कुरा बढी सेवन गर्नुपर्ने र शरिर छोपिने बाक्ला लुगा लगाउनाले नै यी समस्याहरु दूर हुन सक्ने उहाँले बताउनुभयो ।

जाडोयाममा पानी कम पिउँदा यस्ता समस्या आउन सक्ने भएकाले तातो पानी प्रशस्त पिउन उहाँको सुझाव छ । यसँगै तातो झोलिलो पदार्थ, गेडागुडी पनि खानुपर्ने बताउनुहुन्छ ।

# यामाहाको एफजेड भी-३ एक्स-कनेक्ट नेपाली बजारमा, के छन् विशेषता ?




काठमाडौं । यामाहा मोटरसाइकलका लागि आधिकारिक बिक्रेता एमएडब्लु इन्टरप्राइजेजले यामाहाको एफ जेड भी-३ कनेक्ट-एक्स मोडल सार्वजनिक गरेको छ ।

सोमबार एक कार्यक्रमका बीच इन्टरप्राइजेजले आधिकारीक रुपमा नेपाली बजारमा एफ जेड भी-३ कनेक्ट-एक्स मोडल सार्वजनिक गरेको हो ।

नेपाली बजार ३ लाख ७९ हजार ९०० रुपैयाँ मूल्य पर्ने भी-३ मा सबैभन्दा ठूलो सुविधा यसमा जडित ब्लुटुथ रहेको कम्पनीले जनाएको छ । जसमार्फत गुगल प्लेस्टोर र आईओएसमा पाइने 'यामाहा मोटरसाइकल कनेक्ट एक्स' निःशुल्क डाउन्लोड गरी यो बाइकको स्मार्ट मोडको ६ जीवन सुलभ बनाउने सुविधा लिन् सकिने कम्पनीको भनाइ छ ।

के छन् विशेषता ?

कम्पनीका अनुसार ब्लुटुथको प्रविधिको पहिलो सुविधा रहेको छ 'एन्सर ब्याक' ।

यो सुविधाद्वारा बाइकको इन्डिकेटर झिमिकझिमक बल्न थाल्नेछ र हर्न बज्न थाल्नेछ जसले गर्दा चालक आफ्नो साधन कहाँ राखिएको छ भनेर बिना कुनै झन्झट थाहा पाउनसक्नेछ ।

यस्तै यस प्रविधिको दोस्रो सुविधा भनेका 'इ-लक' को व्यवस्था हो । यदी ग्राहकले इ-लक प्याट्रन राखेको अवस्थामा गोप्य अनलक प्याट्रन थाहा नहुने व्यक्तिले चाबीले मात्र बाइक चालु गर्न सक्ने छैन । 'इ-लक' प्याट्रन मूलतः आफ्नो मोटरसाइकल चोरी हुनबाट बचाउने उपयोगी सुविधा भएको कम्पनीको भनाइ छ ।

यस्तै 'लोकेट माइ बाइक' ब्लुटुथको अर्को सुविधा रहेको छ। यो फिचर मोबाइल एपमा क्लिक गरेमा बाइकको इन्डिकेटर १० सेकेण्डस्सम्म लगातार बल्ने छ ।

बिशेषगरी यो फिचर चालकले भिड पार्किङमा अवस्थित आफ्नो मोटरसाइकल सजिलै चिन्नुमा उपयोगी रहनेछ ।

त्यसैगरी 'राइडिङ्ग हिस्ट्री' यसको चौँथो ब्लुटुथ सुविधा हो । 'राइडिङ्ग हिस्ट्री' द्वारा आफूले गरेको हरेक यात्राको विवरण अभिलेख गर्न र हेर्न सक्नेछन् । यस्तै 'पार्किङ रेकर्ड' पाँचौं सुविधा रहेको छ ।

यो सुविधामार्फत बाइक धनीले आफू रहेको स्थानबाट पार्किङ स्थानको नक्सा पाउन सक्नेछ ।

यसको छैटौं सुविधा रहेको छ हजार्ड । 'हजार्ड' सुविधाले चालकलाई सडकको साम्भावित दुर्घटना र खतराको बारेमा सचेत पार्नेछ ।

एफ जेड भी-३ कनेक्ट- एक्स मोडल सुविधा बारे एमएडब्ल्यूका सीईओ राजु क्षेत्रीले भने, 'ब्लुटुथ सुविधा बाहेक बाइक १३५ केजीको हल्का वजनको यस बाइक १४० सेक्सनको रेडियल टायर राखिएको छ, साइड स्ट्यान्ड हटाइएको छ साथै बएएसभीआई र एबीएस जस्ता अपग्रेड गरिएको छ ।'

# सहुलियतपूर्ण कर्जामा १८ सयले लिए १ करोड बढी ऋण

काठमाडौं । सहुलियतपूर्ण कर्जाका लागि ब्याजद अनुदान सम्बन्धी अन्तर्गत करिब १९ सय जनाले १ करोड रुपैयाँभन्दा बढी ऋण लिएका छन् । नेपाल राष्ट्र बैंकले उपलब्ध गराएको तथ्यांक अनुसार असोज मसान्तसम्म १ हजार ८९० जनाले १ करोड रुपैयाँभन्दा बढी कर्जा उपभोग गरेका छन् । राष्ट्र बैंकका अनुसार २ खर्ब ३१ अर्ब ४३ करोड ३६ लाख ६४ हजार रुपैयाँ कर्जा स्वीकृत भएको छ । कर्जा स्वीकृत हुन बाँकी रकम १ खर्ब ९८ अर्ब ९२ करोड ३९ लाख ७७ हजार रुपैयाँ रहेको छ ।

अहिलेसम्म सहुलियतपूर्ण कर्जा दिनेमा सबैभन्दा अगाडि कृषि विकास बैंक रहेको छ । बैंकले २४ अर्ब ६८ करोड ३१ लाख ३३ हजार ५९५ रुपैयाँ कर्जा दिएको छ । स्वीकृत हुन बाँकी रकम २१ अर्ब ९५ करोड ७१ लाख ४० हजार ४५१ रुपैयाँ रहेको छ । दोस्रोमा एनआईसी एसिया बैंकले १७ अर्ब २३ करोड ८९ लाख १७ हजार ७२१ रुपैयाँ स्वीकृत गरेको छ भने १५ अर्ब ५७ करोड ७९ लाख ६१ हजार ७६७ रुपैयाँ स्वीकृत हुन बाँकी रहेको छ ।

राष्ट्र बैंकका अनुसार राष्ट्रिय वाणिज्य बैंकले अहिलेसम्म १२ अर्ब ५५ करोड ७४ लाख ८६ हजार ६५६ रुपैयाँको कर्जा स्वीकृत गरेको छ भने १० अर्ब ७२ करोड ६८ लाख ७७ हजार ५०८ रुपैयाँ स्वीकृत हुन बाँकी रहेको छ । ग्लोबल आइएमई बैंकले ११ अर्ब ७७ करोड ७० लाख ३८ हजार ५६८ रुपैयाँको कर्जा स्वीकृत गरेको छ भने ९ अर्ब २३ करोड १९ लाख ५१६ रुपैयाँ स्वीकृत हुन बाँकी रहेको छ ।

प्राइम बैंकले ११ अर्ब १६ करोड २९ लाख ४२ हजार ३० रुपैयाँको सहुलियतपूर्ण कर्जा स्वीकृत गरेको छ भने ९ अर्ब ९० करोड ५४ लाख ८ हजार ९ रुपैयाँ स्वीकृत हुन बाँकी रहेको छ ।

सिद्धार्थ बैंकले १० अर्ब १९ करोड ८७ लाख ८६ हजार रुपैयाँ सहुलियतपूर्ण कर्जा स्वीकृत गरेको छ भने ७ अर्ब ३४ करोड ८१ लाख ५६ हजार ३६ रुपैयाँ कर्जा स्वीकृत गर्न बाँकी रहेको छ ।

एनएमबी बैंकले १० अर्ब ११ करोड ९ लाख २० हजार ३९६ रुपैयाँको कर्जा स्वीकृत गर्दा ८ अर्ब ६१ करोड ३२ लाख ५४ हजार ६५४ रुपैयाँ कर्जा स्वीकृत हुन बाँकी रहेको छ ।




२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।
कोही नछुटौं, कोही नदोहरिऔं ।
बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।
घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस